# सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रकृया

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकायद्वारा संचालित

स्नातकोत्तर तह (एम. एड) द्वितीय

बर्षको आंशिक आवश्यकता

परिपूर्तिको लागि

प्रस्तुत

शोधपत्र

सोधार्थी

राजेन्द्र अधिकारी

क्याम्पस रोल नं.-२५/२०६४

परीक्षा रोल नं. - १०११७/२०६६

त्रि.वि.वि. दर्ता नं. - १३८१० - ८१

श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

२०७०

# प्राक्कथन

नेपालका सामुदायिक विद्यालहरुमा शैक्षिक सुपरिवेक्षणको प्रभाव शीर्षकमा गरिएको यस सोध अनुसन्धानमा विभिन्न तथ्यहरुको विश्लेषण गरी निष्कर्षमा पुग्नेकाम भएकोले आगामी दिनहरुमा यस क्षेत्रमा हुनसक्ने खोज तथा अनुसन्धानका लागि यसबाट सहयोग पुग्न सक्ने छ भन्ने विश्वास लिएको छ ।

अध्ययन अनुसन्धान आफैमा एउटा खोजमुलक कार्य हो । यस्तो जटिल तथा चुनौतिपूर्ण कार्यलाई कुशलतापूर्वक मार्गनिर्देश प्रदान गरी सहयोग सल्लाह एवं सुझावका साथै हौसला प्रदान गर्नुहुने आदरणीय गुरु तथा सोध निर्देशक श्री गंगा राम पौडेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी समय समयमा सल्लाह, सुझाव दिनुहुने आदरणीय गुरु श्री केशर जंग मगर प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस सोध कार्यलाई सम्पन्न गर्ने क्रममा नमूना छनौटमा परी आवश्यक सूचना तथा जानकारीहरु उपलब्ध गराउनु हुने शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावक ज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यसैगरी सोधकार्यलाई अगाडिबढाउन आवश्यक पर्ने सन्दर्भ सामग्रीहरु उपलब्ध गराइदिने त्रि.वि. केन्दीय पुस्तकालय किर्तिपुर, महेन्द्र रत्न क्याम्पस ताहाचल, म.र.व. क्याम्पस इलाम, जिल्ला शिक्षा कार्यालय इलाम र लक्ष्मीपुर स्रोतकेन्द्र प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

यस सोधपत्रको पाण्डुलिपिलाई समयमा नै टंकन गरी सहयोग पुऱ्याउनु हुने व्रिलियन्ट इन्टरनेशनल इन्टिच्युट लक्ष्मीपुरका प्रोपाइटर श्री याम प्रसाद आचार्य ज्यू प्रति पनि आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस सोधपत्र तयारपार्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउनुहुने मेरा मित्रहरु श्री खेमराज आचार्य, श्री कुमार राज दाहाल र वीरेन्द्र कुमार साह लगायत अन्य सम्पूर्ण महानुभावहरुलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

राजेन्द्र अधिकारी

## शोधसार

*प्रस्तुत अध्ययन सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रकृया शीर्षकमा गारिएको छ । अध्ययन क्षेत्रका सामुदायिक विद्यालयमा शैक्षिक सुपरिवेक्षण प्रकृयाको पहिचान गर्नु, शैक्षिक सुपरिवेक्षणले विद्यालयको शिक्षण सिकाइमा पारेको प्रभावको विष्लेषण गर्नु र वर्तमान शैक्षिक सुपरिवेक्षण प्रणालीका कमीकम्जोरीहरु पत्तालगाउनु यस सोध अध्ययनका मुख्य उद्देश्यहरु हुन् ।*

*यो अध्ययनलाई अगाडी बढाउने क्रममा आवश्यक सैद्धान्तिक समर्थन जुटाउने उद्देश्यले मानव सम्बन्ध सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ । गुणात्मक तथा परिमाणत्मक ढाँचामा तयार पारिएको प्रस्तुत अनुसन्धानमा लक्ष्मीपुर स्रोतकेन्द्र अन्तर्गत ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरी विद्यालय निरीक्षक एक जना, स्रोतव्यक्ति एक जना, प्रधानाध्यापक पाँच जना, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पाँच जना, शिक्षक दश जना र विद्यार्थी वीस जना गरी कूल ४२ जनालाई नमूना जनसंख्याको रुपमा उपयोग गरिएको छ । विद्यालय निरीक्षक , स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक र विद्यार्थीहरुलाई प्रश्नावली र प्रधानाध्यापकलाई अन्तरवार्ता तालिकाको प्रयोगगरी प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको छ । तथ्याङ्को स्रोतहरुमा विद्यालयका निरीक्षण पुस्तिका, शैक्षिक योजना, तालिम तथा गोष्ठिका  प्रतिवेदनहरुलाई समेत उपयोग गरिएको छ । संकलन गरिएका सूचना तथा जानकारीहरुलाई शाब्दिक रुपमा विष्लेषण गरी आवश्यकता अनुसार तालिकामा समेत देखाइएको छ ।*

*सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रकृयाको पहिचान अन्तर्गत शिक्षक तथा विद्यालयका समस्याहरुको पहिचान, सुपरिवेक्षण योजनाको निर्माण, नमूना पाठको प्रस्तुतिकरण, शिक्षक तथा विद्यालयसंगको सम्बन्ध सुधार, तथ्याङ्क संकलन र विष्लेषण प्रकृया र परामर्श सभा सञ्चालन जस्ता उपशीर्षकहरुमा सूचना तथा जानकारीहरुको विष्लेषण गर्दा वर्तमान शैक्षिक सुपरिवेक्षण प्रणालीले सुपरिवेक्षण प्रकृयाले विभिन्न चरणहरुलाई अवलम्वन गरेको देखिन्छ । त्यसैगरी विद्यालयको शिक्षण सिकाइमा सुधार अन्तर्गत शैक्षिक योजना निर्माण, परीक्षा सञ्चालन र विद्यार्थी मूल्याङ्कन, विद्यार्थीहरुको सिकाइ उपलब्धी वृद्धि र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन, शिक्षक विद्यार्थीको नियमिततामा वृद्धिमा शैक्षिक सुपरिवेक्षण प्रणालीले सकारात्मक भूमिका निर्वाह गरेको पाइन्छ । विद्यालय सुपरिवेक्षण प्रणाली अन्तर्गत आर्थिक, प्राविधिक, प्रशासनिक लगायत पेशागत र विषयगत समस्याहरुलाई प्रमूख चुनौतीको रुपमा देखिएको छ । उल्लेखित चुनौतीहरु बाहेक तालिमको अभाव, विषयगत दक्ष्यताको अभाव र अनुगमन मूल्याङ्कनको अभावलाई समेत शैक्षिक सुपरिवेक्षणका मूख्य चुनौतिका रुपमा देखिन्छ ।*

*सामुदायिक विद्यालयहरुमा शैक्षिक, भौतिक र मानवीय स्रोतहरुको व्यवस्थापन गर्न, परिचालन गर्न र उल्लेखित स्रोतहरुको गुणात्मक परिवर्तनमा शैक्षिक सुपरिवेक्षण प्रणालीले सकारात्मक भूमिका निर्वाह गरेको निष्कर्षमा पुग्न सकिन्छ । त्यसै गरि सुपरिवेक्षण प्रणालीलाई परम्परागत ढंगबाट नै हेरी यसको प्रभावकारीता सम्बन्धमा सुपरिवेक्षकहरुले खासै ध्यान नदिएको समेत निष्कर्ष निकाल्न सकिन्छ । अनुसन्धानको क्रममा देखिएका चुनौती तथा समस्याहरुलाई समाधान गर्न मद्धत पुगोस भन्ने उद्देश्यले विभिन्न तीन तहमा सुझावहरु प्रस्तुत गरिएको छ । सामुदायिक विद्यालयहरुमा भविष्यमा निर्माण गरिने सुपरिवेक्षण सम्बन्धि नीति तथा कार्यक्रमलाई अझबढी प्रभावकारी बनाउन सकियोस भनेर नीतिगत तह, मौजुदा सुपरिवेक्षण योजना कार्यान्वयनमा प्रभावकारीता ल्याउन सकियोस भन्ने उद्देश्यले अभ्यास तह र भविष्यमा शैक्षिक सुपरिवेक्षण अन्तर्गत विभिन्न क्षेत्रहरुमा थप अध्ययन अनुसन्धान हुन सकुन भन्ने उद्देश्यले अनुसन्धान तहमा समेत सुझावहरु प्रस्तुत गरिएको छ ।*

पृष्ठ

**परिच्छेद एक**
**परिचय**

अध्ययनको पृष्ठभूमि १
समस्याको कथन ९
अध्ययनको औचित्य १२
अध्ययनको उद्देश्यहरु १२
अनुसन्धानात्मक प्रश्नहरु १३
अध्ययनको परिसीमा १३

**परिच्छेद दुई**
**सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

सम्वन्धित साहित्यको पुनरावलोकन १४
अध्ययनको सैद्धान्तिक खाका १८
शैक्षिक उपादेयता १९

**परिच्छेद तीन**
**अनुसन्धान पद्धति**

अनुसन्धान ढाँचा २१
अध्ययनको जनसङ्ख्या र नमूना छनौट २१
अनुसन्धानका साधनहरु २३
तथ्याङ्कका स्रोतहरु २३
तथ्याङ्क सङ्कलन प्रकृया २४
तथ्याङ्क विश्लेषण प्रकृया २५

**परिच्छेद चार**
**तथ्याङ्कको विश्लेषण**

सामुदायिक विद्यालयमा शैक्षिक सुपरिवेक्षण प्रकृयाको पहिचान २६
शैक्षिक सुपरिवेक्षणको शिक्षण सिकाईमा प्रभाव ३२
शैक्षिक सुपरिवेक्षण प्रणालीको प्रभावकारिताको लेखाजोखा ४१
वर्तमान विद्यालय सुपरिवेक्षण प्रणालीका समस्याहरु ४४

**परिच्छेद पाँच**
**निष्कर्ष र सुझाव**

निष्कर्ष ५१
सुझाव ५३
**सन्दर्भ सामग्री**
**अनुसूची**

# परिच्छेद एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

शैक्षिक सुपरिवेक्षण एक प्राविधिक कार्य हो । शिक्षण सिकाइमा देखिएका समस्याहरु समाधान गर्न कक्षाकोठा भित्र र बाहिर सञ्चालित कार्यहरुको वस्तुपरक ढंगले जाँचबुझ गर्ने कार्य नै शैक्षिक सुपरिवेक्षण हो । कुनैपनि कार्य प्रचलित नियम कानून अनुसार सञ्चालन भएको छ छैन, कार्यक्रम कार्यन्वयनमा के कस्ता त्रुटि, दोष र कमजोरीहरु देखापरे भनि पहिचान गरी तिनीहरुको निराकरणमा शिक्षक, शैक्षिक नीतिनिर्माता, शैक्षिक प्रशासक आदिलाई सहयोग पुऱ्याउने कार्य नै शैक्षिक सुपरिवेक्षण हो । शिक्षा क्षेत्रमा न्यूनतम लगानीबाट अधिकतम प्रतिफल हासिल गर्न शैक्षिक प्रणालीको प्रमुख अंगको रुपमा शैक्षिक सुपरिवेक्षणलाई लिइन्छ (ढकाल, २०५४) ।

कुनैपनि कामको स्थिति, परिवेस, अवस्था र त्यसको प्रभावकारिताको लेखाजोखा गर्नु, जाँचबुझ गर्नु निरीक्षण हो । शैक्षिक क्षेत्रको सन्दर्भमा निरीक्षणले सम्पूर्ण शैक्षणिक, प्रशासनिक क्षेत्रको लेखाजोखा र मूल्याङ्कनसंग समेत सम्वन्ध राख्दछ । निरीक्षण शब्दलाई विकासको क्रममा सुपरिवेक्षणसंग गाँस्न थालेपछि निरीक्षण प्रकृयाको संकुचित घेरालाई तोडेर फराकिलो बनाइएको छ । शिक्षकले के पढाउँदै छ, उसको अध्ययनले विद्यार्थीमा के-कस्तो प्रभाव पारेको छ, शिक्षण सिकाइ प्रकृयामा के कस्ता समस्याहरु आएका छन्, त्यसको गहन अध्ययन, अवलोकन गर्ने र सोको समाधान गर्नु नै शैक्षिक सुपरिवेक्षण हो । सम्पूर्ण शैक्षिक क्रियाकलापको स्थितिबारे अध्ययन अवलोकन गर्नु, जाँचबुझ गर्नु, अध्ययन गर्नु र सही निकास खोज्नु, कुशल एवम् सवल नेतृत्व निर्माण गर्नु, पथप्रदर्शन गर्नु र सम्पूर्ण शैक्षिक पक्षको विकास, विस्तार र सुधार गर्ने कार्य शैक्षिक सुपरिवेक्षणले गर्दछ । सुपरिवेक्षणको प्रमुख उद्देश्य शिक्षण सिकाई कार्यमा सुधार ल्याउनु हो (काफ्ले र अन्य, २०५९) ।

सुपरिवेक्षण प्रकृयाको सुरुवात सर्वप्रथम अमेरिकाबाट भएको हो । सन् १८१२ मा न्यूयोर्कमा सुपरिवेक्षण सम्वन्धि एउटा विधेयक पारित गरेर यसको सुरुवात भएको पाइन्छ । तैपनि, सन् १८३७ भन्दा अगाडि विद्यालयहरु जनस्तरबाट सञ्चालन हुने गरेको र विद्यालयको व्यवस्थापन र सुपरिवेक्षण समेत सर्वसाधारणबाट बनेका सञ्चालक समितिहरुले गर्ने भएकोले सुपरिवेक्षण प्रकृयाको प्रभावकारी कार्यान्वयन हुन सकेको थिएन । सन् १८३७-३८ मा पूर्णकालिन प्रशासनको

आवश्यकता महसुस गरी अमेरिकामा सुपरिटेन्डेन्ट् कार्यालय खोलियो । सुरुमा बफैली र न्यूयोर्कजस्ता शहरहरुमा निरीक्षण कार्यलाई व्यवस्थित गरिएको थियो । सुपरिटेन्डेन्ट्ले गर्ने काम कारवाही क्रमशः बढ्दै गएपछि केही सुपरीवेक्षकीय अधिकार दिई सहायक सुपरिन्टेन्डेन्ट्लाई अधिकार प्रत्यायोजन गरिएको थियो । सन् १९४२ मा अमेरिकाको न्यूयोर्कमा विद्यालयहरुको निरीक्षण कसरी गर्ने भन्ने सम्बन्धमा एउटा बील पास भयो । त्यसपछि सुपरिवेक्षणलाई शिक्षण कार्यमा शिक्षकको सहयोगीको रुपमा लिन थालियो (अधिकारी, २०६०) ।

नेपालमा शैक्षिक सुपरिवेक्षणको सुरुवात राणाकालमा भएको हो । वि.सं. १९१० मा जंगबहादुरले दरवार स्कुलको स्थापना गरेपश्चात विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्न प्र.अ.को रुपमा क्यानिङ्गलाई नियुक्त गरेभने विद्यालय सुपरिवेक्षणको जिम्मा  रोसलाई दिएका थिए । यसलाई शैक्षिक निरीक्षणको औपचारिक सुरुवातको रुपमा लिन सकिन्छ (पूर्ववत्) ।

वि.स. १९९८ मा चीफ इन्स्पेक्टर अफ स्कूल अफिसको स्थापना भएपछि मात्र निरीक्षण प्रणालीको संस्थागत विकास भएको पाईन्छ । त्यसबेलाको सुपरिवेक्षण केवल प्रशासनिक निरीक्षणको रुपमामात्र थियो ।  त्यतिखेर शिक्षामा विकास गर्न नभई शिक्षामा नियन्त्रण गर्ने प्रयोजनका लागि निरीक्षणको व्यवस्था गरिएको थियो (ढकाल, २०५४) ।

शैक्षिक सुपरिवेक्षणलाई बिस्तार र ब्यापक बनाउने उद्देश्यले २००४ सालमा पूर्वमा जनकपुर र काठमाडौं र पश्चिममा  पाल्पामा गरी तीनवटा डेपुटी इन्स्पेक्टर कार्यालयको स्थापना गरिएको थियो । २०१० सालमा नेपाल अधिराज्यलाई ७ वटा क्षेत्रमा बिभाजन गरी ७ वटा डिभिजनल इन्स्पेक्टर अफ स्कूलको स्थापना गरिएको थियो (पूर्ववत्) ।

नेपालमा राणा शासन कालभन्दा अगाडि औपचारिक रुपमा र ढाँचाको उल्लेख शैक्षिक विकासको व्यवस्था भएको पाइदैन । राणा शासन कालमा राणा परिवार र भाइ भारदार लगायत उच्च वर्गको लागि स्थापित दरवार स्कुलले संस्थागत रुपमा संचालित प्रथम विद्यालयको ऐतिहासिक स्थान प्राप्त गर्न सफल भयो । यसपछि राणा कालमा खुलेका विद्यालय निरीक्षक (Inspector of Schools) को नियुक्ति गरी विद्यालय निरीक्षण गराउने व्यवस्थाको संस्थागत शुरुवात वि.सं. १९९८

सालमा चिफ इन्सपेक्टर अफ स्कुल्स अफिस (Chief inspector of schools office) को स्थापना भएपछि भएको हो (बराल, २०६८)।

राणाालको अन्त्यतिर देशलाई १८ वटा क्षेत्रहरुमा विभाजित गरी प्रत्येकको लागि जोनल इन्सपेक्टर (Zonal Inspector) नियुक्ति गरी विद्यालय निरीक्षण गराउने काम भएको पाइन्छ । विद्यालय निरीक्षणको क्षेत्रमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले उल्लेखनीय परिवर्तन ल्यायो । यो योजनाले एकीकृत शैक्षिक पद्धतिको अवलम्बन, शिक्षामा सरकारीकरण गर्‍यो । विद्यालय निरीक्षण गर्ने प्रा.वि. को लागि शिक्षा शास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण वा शिक्षण पेशामा अनुभव प्राप्त व्यक्तिलाई प्रा.वि. निरीक्षक पदमा नियुक्त गर्ने परिपाटी अवलम्बन गरिएको छ। निम्न माध्यमिक र माध्यमिक तहको लागि शिक्षा शास्त्र संकायमा स्नातक गरेको वा शिक्षण पेशामा अनुभव हासिल गरेको व्यक्तिलाई मात्र माध्यमिक विद्यालय निरीक्षक पदमा नियुक्ति गरी विद्यालयको सुपरिवेक्षण गराउने कार्य भयो । सोही नीति अन्तर्गत प्रा.वि.नि. र मा.वि.नि. हरु नियुक्त भई कार्यरत रहेका थिए (बराल, २०६८)।

२०१८ सालमा १४ अञ्चलमा माध्यमिक विद्यालय हेर्न अञ्चल शिक्षा अधिकारीको स्थापना गरिएको थियो । २०२२ सालमा शिक्षा मन्त्रालय अन्तर्गत ७५ वटै जिल्लामा शिक्षा निरीक्षण कार्यालयहरु स्थापना गरिएको थियो । २०२७ सालमा अञ्चल शिक्षा अधिकारीको कार्यालय खारेज गरी २९ वटा जिल्लामा रा.प. तृतीय श्रेणीको जि.शि.अ. रहने र बाँकी जिल्लाहरुमा रा.प.अ. प्रथम श्रेणीको कर्मचारी रहने गरी जिल्ला शिक्षा निरीक्षण कार्यालय नै कायम गरिएको थियो (ढकाल, २०५४)।

राशिपको योजना (२०२८-३२) ले विद्यालय निरीक्षण पद्धतिलाई वैज्ञानिक ढंगले अगाडि बढाउने प्रयास गरेको देखिन्छ । परम्परागत निरीक्षण प्रणालीलाई सुधार गरी सुपरिवेक्षण प्रणालीको सुरुवात यसै योजना अवधिमा गरिएको थियो । ७५ वटै जिल्लाहरुमा जिल्ला शिक्षा अधिकारी प्रशासन सेवाको राखियो भने प्राथमिक विद्यालय र निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरुको लागि छुट्टाछुट्टै निरीक्षकहरुको समेत व्यवस्था गरी काम कर्तव्य समेत तोकियो । जिल्लामा रहेका विद्यालयहरुको सङ्ख्याका आधारमा प्रा.वि.नि., नि.मा.नि. र मा.वि.नि.रहने व्यवस्था गरियो । वि.सं.२०३० सालमा नि.मा.वि.नि. हटाई प्रा.वि.नि. र मा.वि.नि. रहने व्यवस्था गरिएको थियो ।

क्षेत्रीय स्तरमा क्षेत्रीय निर्देशनालयको स्थापना गरी विशेषज्ञको रुपमा निरीक्षकहरुको समूह रहने व्यवस्था गरिएको थियो । केन्द्रमा शिक्षा मन्त्रालय मूल्याङ्कन शाखा अन्तर्गत निरीक्षण उपशाखाको गठन गरेर जिल्लादेखि केन्द्रीय स्तरसम्म निरीक्षणलाई संस्थागत गरिएको थियो ( पूर्ववत् ) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) ले विद्यालय निरीक्षण पद्धतिबाट बैज्ञानिक रुप दिइएको देखिन्छ । विद्यालय निरीक्षण र कक्षा निरीक्षणमा स्पष्ट रेखाङ्कन गरेको छ । परम्परागत रुपमा रहेको निरीक्षण (Inspection) पद्धतिबाट सुपरिवेक्षण (Supervision) पद्धतिको अवधारणा दियो । ७५ वटै जिल्लाहरुमा जिल्ला शिक्षा अधिकारी प्रशासन सेवाको राखियो भने प्राथमिक विद्यालयको लागि छुटै प्राथमिक विद्यालय निरीक्षक तथा निम्न माध्यमिक, माध्यमिक विद्यालयको लागि साधारण तथा व्यवसायिक माध्यमिक विद्यालय निरीक्षकहरुको व्यवस्था गरी निरीक्षकहरुको काम कर्तव्यसमेत तोकियो । त्यस्तै क्षेत्रीय स्तरमा क्षे.शि.नि. मा समेत विषय विशेषज्ञको रुपमा निरीक्षकहरुको समूह रहने व्यवस्था थियो । केन्द्रमा शिक्षा मन्त्रालयमा मूल्याकन शाखाअन्तर्गगत निरीक्षण उपशाखाको गठन गरेर जिल्लादेखि केन्दीय स्तरसम्म निरीक्षणलाई संस्थागत गराइएको थियो (अधिकारी, २०६०) ।

तर राष्ट्रिय शिक्षा पद्धतिले परिकल्पना गरेअनुसारको पेशागत र व्यवसायिक रुपमा निरीक्षकहरु दक्ष हुन सकेनन् । वृत्तिविकासको अवसरको कमिले गर्दा उदासीनता आयो । निरीक्षकहरु प्रविधिक रु व्यवसायिक पेसागत व्यक्तिभन्दा प्रशासनिक कार्यतर्फ बढी उन्मुख रहे । शिक्षक विकास, शैक्षिक स्तर अभिवृद्धि, कक्षा शिक्षणमा प्रभावकारिता, विद्यालय विकासजस्ता कार्यहरुमा निरीक्षकको भूमिका गौण रह्यो (अधिकारी, २०६०)।

२०३७-२०३८ सालमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र अन्तर्गत एउटा निरीक्षण एकाइ परियोजना बनाइएको थियो जसले विद्यालयको शैक्षिक कार्यक्रममा गुणात्मक स्तर वृद्धि गर्न, निरीक्षण व्यवस्थामा सुधार गर्ने उद्देश्यले विद्यालयहरुलाई नै स्थानीय स्तरबाट आफुभन्दा तलका विद्यालयलाई निरीक्षण गर्न अभिप्रेरित गराउने कार्यक्रमको थालनी भएको थियो तर सफल हुन सकेन (सुवेदी, २०६७) ।

२०३८-२०३९ सालतिर सेती परियोजना अन्तर्गत स्रोतकेन्द्र र समूह विद्यालयको एक समूह बनाई निरीक्षणको व्यवस्था मिलाइएको थियो । यसमा एउटा समूहमा ४-६ घण्टासम्म पर्ने १०-१५ वटा विद्यालयलाई एक समूहमा राख्ने र पायक पर्ने साधनयुक्त माध्यमिक विद्यालयलाई स्रोतकन्द्र कायम गरी अन्य समूह विद्यालयहरुको निरीक्षणको जिम्मेवारी दिएको थियो । स्रोतकेन्द्र स्तरबाट निरीक्षणको अवधारणाको विकास सेती परियोजनाबाट नै भएको देखिन्छ (पूर्ववत) ।

सेती परियोजना २०३८/३९ ले विद्यालयहरुको समूह बनाई स्रोतकेन्द्रमार्फत निरीक्षणको व्यवस्था मिलाएको थियो । १०/१५ वटा विद्यालयहरुलाई एक समूहमा राख्ने र पायक पर्ने माध्यमिक विद्यालयलाई स्रोतकेन्द्र कायम गरी अन्य समूह विद्यालयको निरीक्षणको जिम्मेवारी दिइएको थियो । वि.स. २०४२ सालमा लागू भएको प्राथमिक शिक्षा परियोजना र आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले समेत स्रोतकेन्द्रमार्फत निरीक्षण गर्ने प्रक्रियालाई कायम नै राखेको पाईन्छ । उल्लेखित परियोजना लागू भएपछि छुट्टै स्रोतकेन्द्रको स्थापना गरी स्रोतव्यक्तिमार्फत निरीक्षणको व्यवस्था मिलाइएको थियो (अधिकारी, २०६०) ।

पछि २०४२ सालतिर लागू भएको प्राथमिक शिक्षा परियोजना (Primary education Project PEP) ले पनि स्रोतकेन्दको अवधारणालाई नै कायम गऱ्यो । यस परियोजनाअन्तर्गत स्रोतकेन्द्रमा विद्यालय निरीक्षकको जिम्मेवारी छुटै एउटा अधिकृत स्तरको स्रोत व्यक्तिलाई सुम्पियो । स्रोत केन्द्रहरुको कार्यमा समस्यार एकरुपता ल्याउन क्षेत्र संयोजक (Field co-ordinator) को पनि व्यवस्था भयो । क्षेत्र संयोजक पदमा माध्यमिक प्रधानाध्यापक शिक्षक माध्यमिक विद्यालय निरीक्षक वा नयाँ व्यक्ति हुन्थ्यो । २०४९/२०५० देखि लागू गरिएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (Basic and primary Education project BPEP) ले पनि निरीक्षणको आधारभूत एकाइको रुपमा स्रोतकेन्द्रको अवधारणालार्य नै निरन्तरता दियो (पूर्ववत) ।

वि.सं. २०५६ सालदेखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP) प्रथम चरणको समाप्तिपछि आधारभूत तथा प्राथमिक शिक्षा नियमित कार्यक्रमको रुपमा शिक्षा विभागद्वारा सञ्चालन भइरहेको छ । कार्यक्रम कार्यान्वयन योजना (Program Implementaiton Plan 1999 PIP) ले स्रोत व्यक्तिको रुपमा स्थानीय स्थायी शिक्षकहरुलार्य काममा लगाई निरीक्षण कार्यमा प्रभावकारिता ल्याउने कार्य गरेको छ । आ.प्रा.शि.प. प्रथम अन्तर्गतका कार्यक्रम संयोजक (Program

Co-ordinator) लाई हटाई त्यसको जिम्मा जि.शि.का. को एक जना शाखा अधिकृतलाई नै दिइएको छ (अर्याल, २०६१) ।

सुपरिवेक्षण प्रणालीको वर्तमान संगठन र यसको संरचनामा केन्द्रीय स्तरमा शिक्षा विभागको शैक्षिक प्रशासन महाशाखाअन्तर्गत रहेको छ । यस तहमा सुरिवेक्षण प्रणालीको योजना वा नीति-निर्माण गरिन्छ, राष्ट्रिय रुपमा अनुगमन तथा मूल्याङ्कन गरिन्छ । केन्द्रले तय गरेका योजना तथा कार्यक्रमहरु समानुपातिक दृष्टिकोणले सबै क्षेत्रमा लागू हुन सकुन् भन्ने हेतुले अधिराज्यका पाँचै विकास क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय रहेको छ, प्रत्येक निर्देशनालय अन्तर्गत कार्यक्रम अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ । यसले केन्द्रले तय गरेका नीति, योजना, कार्यक्रम कार्यान्वयन गर्ने गराउने, क्षेत्रभित्रको जिल्ला शिक्षा कार्यालयको एकरुपता कायम गरेर समन्वय स्थापना र उच्च माध्यमिक क्षेत्रको समेत निरीक्षण गर्ने व्यवस्था रहेको छ । प्रत्येक निर्देशनालयमा विषय विशेषज्ञ रहने व्यवस्था छ (ढकाल, २०५४) ।

वर्तमान अवस्थामा नेपालमा शिक्षा मन्त्रालयले सुपरिवेक्षण सम्बन्धमा केन्द्रीय तहमा शिक्षाको लक्ष्य र नीति, योजना र कार्यक्रम तयार गर्ने व्यवस्था रहेको छ । क्षेत्रीय तहमा क्षेत्रीय शिक्षा निर्देशक र विषय-विशेषज्ञहरु रहने व्यवस्था छ । जिल्ला तहमा जिल्ला शिक्षा अधिकारी र विद्यालय निरीक्षकलाई सुपिरवेक्षककर्ताको रुपमा लिइएको छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका जिल्लाहरुमा स्रोतव्यक्तिलाई मुख्य सुपरिवेक्षककर्ता मानिन्छ । जिल्ला तहमा जिल्लाका विद्यालयहरुको सुपरिवेक्षण र अनुगमन गर्ने कार्यमा जिल्ला शिक्षा समितिको समेत व्यवस्था गरिएको छ । विद्यालय तहमा प्रधानाध्यापकलाई प्रशासकका साथै कुशल सुपरिवेक्षकको रुपमा मानिएको छ । हरेक विद्यालयमा विद्यालयको समग्र विकासका लागि सुपरिवेक्षण, निर्देशन एवम् अनुगमनका लागि विद्यालय व्यवस्थापन समिति कायम गरिएको छ । यसप्रकारले नेपालको सुपरिवेक्षण पद्धतिमा केन्द्रदेखि स्थानीय तहसम्म पदीय आधारका (Status Position) साथै जनसहभागिता समेत जुटाएको छ (पूर्ववत्) ।

दशौं योजनाको अवधारणा पत्र मस्यौदामा समेत विद्यालयको व्यवस्थापनमा स्थानीय समुदायको भूमिकालाई सशक्त बनाइने, विद्यालय सञ्चालनको लागि योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको जिम्मेवारी स्थानीय निकायलाई सुम्पिने र सामुदायिक विद्यालयको सञ्चालनमा दायित्व

क्रमशः स्थानीय समुदायलाई हस्तान्तरण गर्दै जाने उल्लेख गरिएको छ । यस्तो स्थितिमा वर्तमान अवस्थामा अवलम्बन गरिएको निरीक्षण व्यवस्थालाई कायमै राख्न के आवश्यक छ त ? हाल विद्यालयको भौतिक, शैक्षिक, कक्षा शिक्षण विद्यालयको व्यवस्थापन समितिको बैठक लगायतका अन्य कुरामा निरीक्षकले भूमिका निर्वाह गर्ने कानूनी प्रावधानको औचित्य लगायतका अन्य कुरामा निरीक्षकले भूमिका निर्वाह गर्ने कानूनी प्रावधानको औचित्य लगायतका अन्य कुरामा निरीक्षकले भूमिका निर्वाह गर्ने कानूनी प्रावधानको औचित्य छ त ? शिक्षक नियुक्ति, सरुवा, बढुवा, शिक्षक आचारसंहिता र अनुशासन कायम गर्ने जस्ता प्रशासनिक बोझ र झंझट जिल्ला शिक्षा अधिकारीले व्यहोर्नुपर्ने हो त (काफ्ले, २०५४)?

अझ पनि विद्यालय स्तरसम्मको योजना कार्यान्वयन र मूल्याङ्कनमा भूमिका निर्वाह गर्न खोज्ने केन्द्रीय निकाय शिक्षा मन्त्रालय र शिक्षा विभागको भूमिकाको औचित्य छ त ? सबै अधिकार र दायित्वको साँचो सरकारी निकायले नै राखी डोड्ने हो भने विकेन्द्रित शासन प्रणालीको मनोभावनाको परिपालन होला त ? अतः शिक्षा व्यवस्थापन दायित्वमा आएको मोड र उपरोक्त प्रशनहरुले यथास्थिति होइन युगान्तकारी परिवर्तनको दिशाबोध गराएको छ । शिक्षक व्यवस्थापनमा सरकारी निकायको भूमिकामा परिवर्तन ल्याई नयाँ किसिमको सुपरिवेक्षण / निरीक्षण प्रणालीको विकास गर्नुपरेको छ  (काफ्ले, २०५४) ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले विद्यालय निरीक्षणलाई अझ प्रभावकारी र सुदृढ बनाउन जिल्ला स्तरमा विद्यालय निरीक्षण गर्न स्रोतकेन्द्र वा विद्यालयको समूह (School Cluster)  को अवधारणालाई अगाडि सारी निरीक्षक सम्बन्धित क्षेत्रमै बस्नु पर्ने नीति अवलम्बन गरेको छ (अधिकारी, २०६०) ।

वास्तवमा विद्यालय व्यवस्थापन र विद्यालय निरीक्षण एकरथका दुई पाङ्ग्रा हुन् । दुवैको लक्ष्य विद्यालयको प्रभावकारी रुपले संचालन गरी शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्नु हो । वर्तमान परिप्रेक्ष्यमा शैक्षिक व्यवस्थापनका मुख्य उद्देश्य विद्यालयको संचालन उपयुक्त तवरबाट गरी गुणस्तर वृद्धि गरी उन्नत बनाउनु हो भन्ने कुरा नै गौण हुन पुगेको देखिन्छ । निरीक्षणको वास्तविक स्थान र परिभाषा स्पष्ट रुपमा सम्बन्धित सबैले बुझ्न नसक्नु नै एक समस्याको विषय बन्न पुगेको पाइन्छ । शिक्षकहरुको कार्य दक्षता, क्षमता, इमान्दारिताको मूल्याङ्कन भएको पाइदैन । हालको व्यवस्था

अनुसार विद्यालय निरीक्षणको कार्य जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति लगायत गाउँ/नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको पनि हो । यो एक सामुहिक जवाफदेही जिम्मेवारी भएको कार्य हो । राष्ट्रिय आवश्यकता अनुसार सम्बन्धित सबैले आ-आफ्नो कर्तव्य र दायित्वप्रति जागरुक भई कर्तव्य निर्वाह गर्नु पर्ने प्रमुख दायित्व देखिन्छ । यस शोधपत्रमा विद्यालय निरीक्षकसँग केन्द्रित भई समस्या खोतल्ने र समाधानका लागि सुझाव र निष्कर्ष निकाल्ने काम भएको छ ।

शैक्षिक सुपरिवेक्षणको मुख्य उद्धेश्य प्रभावकारी ढंगले विद्यालयको सञ्चालन गरी शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्न मदत गर्नु हो । वर्तमान व्यवस्था अनुसार विद्यालय सुपरिवेक्षण कार्य जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति लगायत गाउँ/नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको पनि हो । यो एक सामुहिक कार्य भएकोले अपेक्षित शैक्षिक लक्ष्य हासिल गर्न के कस्तो सुपरिवेक्षण प्रकृया अवलम्बन गरिएको छ भनी अध्ययन गर्न आवश्यकता महसुस गरी यो अध्ययनलाई अगाडि बढाइएको छ ।

**समस्याको कथन**

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-३२) ले विद्यालय निरीक्षण पद्धतिलाई संस्थागत रुपले अगाडि बढाएको पाइन्छ । निरीक्षण गर्ने, शिक्षकहरुलाई शिक्षण पेशामा मदत गर्ने जस्ता परिकल्पनाहरु उपरोक्त योजनाले अगाडि सारेको थियो । तर राष्ट्रिय शिक्षा पद्धतिको योजनाले परिकल्पना गरेअनुसारको पेशागत र व्यवसायिक रुपमा निरीक्षकहरु दक्ष हुन सकेनन् । वृति विकासको अवसरको कमिले गर्दा उदासीनता आयो । निरीक्षकहरु प्राविधिक, व्यवसायिक तथा पेशागत व्यक्ति भन्दा प्रशासनिक कार्यतर्फ बढी उन्मुख रहे । शिक्षक विकास, शैक्षिक स्तर अभिवृद्धि, कक्षा निरीक्षणमा प्रभावकारिता, विद्यालय विकासजस्ता कार्यहरुमा निरीक्षकहरुको भूमिका गौण रह्यो (काफ्ले, २०५९) ।

विद्यालय निरीक्षणको प्रमुख जिम्मेवारी कस्को हो भन्ने कुरापनि अझै स्पष्ट भएको देखिदैंन् । यो एउटा सामुहिक जिम्मेवारी हो र यो काम जिल्ला स्तरमा जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्थानिय स्तरमा स्रोत व्यक्ति , विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक सबैको हो । तर यस जिम्मेवारीका बिषयमा सम्बन्धित व्यक्तिहरुलाई यथेष्ट रुपमा जानकारी भएको पाइदैंन् ।

शैक्षिक निरीक्षणको सुधार गरी प्रभावकारी तुल्याउन धेरै प्रयासहरु भएको देखिन्छ । तर ती सबै सुधारहरु राम्रो अध्ययनको आधारमा नभई हचुवाको आधारमा गरिएको पाईन्छ । यसकारण शैक्षिक निरीक्षणको वर्तमान परिप्रेक्ष्यमा यस व्यवस्थामा सुधार ल्याउन खास केही विषयहरुमा निर्क्यौलमा पुग्नु आवश्यक देखिन्छ (अधिकारी, २०६०) ।

शिक्षा नियमावली २०४९ को परिच्छेद ३ को नियम १७ मा निरीक्षकको काम, कर्तव्य तथा अधिकार सम्बन्धि व्यवस्था गरिएको छ । उक्त नियमअनुसार प्रत्येक महिनामा कम्तिमा एक पटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने, गराउने र त्यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धि व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने साथै विद्यालयको भौतिक अवस्था, स्रोतसाधनको उपयोगको अवस्था, पठनपाठनका साथै शिक्षकहरुको कार्य क्षमताको अभिलेख राख्ने समेतको अधिकार निरीक्षकहरुलाई प्रदान गरिएको छ । तर वर्तमान सुपरिवेक्षकहरुमा शैक्षिक नेतृत्वको बारेमा कम जानकारी भएको पाइन्छ, जस्तो समूह कार्य, शिक्षकसँगको सुमधुर सम्बन्ध, शिक्षकलाई शिक्षण कार्यप्रति उत्प्रेरणा जगाई पेशाप्रति आस्था जगाउन सकेको पाईदैंन । यसका साथै प्राथमिक विद्यालयदेखि उच्च माध्यमिक तहसम्मको सुपरिवेक्षणको दायित्व व्यवहारिक रुपमा सुपरिवेक्षकलाई दिइएको छ । तर सुपरिवेक्षक सबै बिषयमा बिशेषज्ञ नहुने हुनाले उनीहरुको सुपरिवेक्षण कार्यमा नै प्रश्न चिह्न खडा भएको पाइन्छ (शिक्षा नियमावली, २०४९) ।

नेपालमा वर्तमान शिक्षापद्धतिलाई राष्ट्रिय, सामाजिक एवं व्यक्तिगत आवश्यकताको पहिचान गर्न सकेको पाइँदैन । शिक्षालाई एक निश्चित दिशाबोध गर्न शिक्षा-पद्धति असफल भएको पाइन्छ । नेपालको शैषिक पक्ष जटिल एवं चुनौतीपूर्ण मात्र नभई राष्ट्रिय विपत्तिका रुपमा हाल देखा पर्न थालेको छ । केन्दीय नेतृत्व शिक्ष-नीति, योजना, एवं कार्यक्रम बनाउन अक्षम भइरहेको छ भने नीति र कार्यक्रमको कार्यान्वयन पक्ष जीर्ण अवस्थामा पुगेको छ । शिक्षाले व्यक्ति र संस्थाका मूल्य र मान्यतालाई एकीकृत गर्न सकेको छैन । नीतिगत तह र कार्यमूलक तह (Operation Level) बीच समूह-प्रक्रियाको अभाव छ । शिक्षा र शिक्षण-पेशामा मानवीय सम्बन्धको कमि छ । शिक्षाका अधिकारीवर्ग (Authoritices) पदीय शक्तिले ग्रसित छन् । शिक्षा-क्षेत्रमा देखा परेको निजिकरण अर्को नयाँ चुनौतिका रुपमा देखापरेको छ (काफ्ले, २०५९) ।

हाम्रो मुलुकको सर्वपक्षीय एवं महत्वपूर्ण विषय शिक्षा र शैक्षिक गतिविधि नै हो । शिक्षा गुणात्मक विकासका लागि शैक्षिक सुपरिवेक्षणलाई मेरुदण्डको रुपमा मानिन्छ । तर नेपालको सुपरिवेक्षण-पद्धति अल्छी मानिसले गर्ने जागीर (Lazyman's Job) का रुपमा रहेको अवस्था भएको पाइन्छ । शैक्षिक सुपरिवेक्षणको प्रयोगको प्रारम्भ नै अन्योल भएको पाइन्छ किन भने सुपरिवेक्षणले के के गर्ने ? कतिसम्म गर्ने ? सुपरिवेक्षणबाट के लिन खोजेको हो ? सुपरिवेक्षण नै केका लागि हो ? भन्ने कुराको पारदर्शिता निर्माण भएको पाइँदैन । शैक्षिक संस्थाहरु विशुद्ध रुपले शिक्षा-विकासका लागि अघि बढ्न सकेको पाइँदैन । शिक्षाक्षेत्रमा संलग्न व्यक्तिहरुमा पेशागत इमान्दारीको अभाव छ र भएकाहरुले सीप व्यावहारिक रुपले प्रयोग गर्न सकेको  पाइँदैन । अझ मुलुकमा समय-समयमा उब्जने गरेको राजनैतिक अस्थिरता (Political Unrest) ले शिक्षाको सुधारमा ठूलो अवरोध देखापरेको छ (काफ्ले, २०५९) ।

नेपालमा शैक्षिक सुपरिवेक्षण सम्बन्धमा औपचारिक तथा अनौपचारिक रुपमा पर्याप्त अनुसन्धानहरु हुँदै आएका छन् । यस्ता अध्ययन अनुसन्धानहरु समग्रमा शैक्षिक सुपरिवेक्षण प्रणालीमा आधारित भएर गरिएको तर सुपरिवेक्षकको रुपमा विद्यालय निरीक्षकहरुले पारेको प्रभाव सम्बन्धमा छुट्टै अध्ययन अनुसन्धान नभएकाले प्रस्तुत शीर्षकलाई समस्याको रुपमा छनौट गरिएको हो । नेपालको शिक्षा प्रणालीमा विद्यालय निरीक्षकहरुलाई शैक्षिक सुपरिवेक्षकको रुपमा स्विकार गरिएपनि शिक्षण सिकाईको प्रभावकारिता सम्बन्धमा विद्यालय निरीक्षकहरुको सुपरिवेक्षण सम्बन्धि भूमिकाले पु¥याएको योगदानको बारेमा हालसम्म कसैले पनि अध्ययन अनुसन्धान नगरेकाले सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रकृयालाई यस अध्ययनको मूख्य विषयवस्तुको रुपमा छनौट गरिएको हो ।

एक शैक्षिक सुपरिवेक्षकको रुपमा विद्यालय निरीक्षकहरुले  विद्यालयको भौतिक विकास, शिक्षण सुधार, शैक्षिक परामर्श, अभिभावकहरुको सहभागिता, मूल्याङ्कन प्रणाली जस्ता क्षेत्रहरुमा के कस्तो प्रभाव पार्दछन् र वर्तमान शैक्षिक सुपरिवेक्षणमा के कस्ता समस्याहरु छन् भन्ने  सवालहरुको जवाफ खोज्ने उद्देश्यले प्रस्तुत शीर्षकमा अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ ।

**अध्ययनको औचित्य**

नेपालमा विद्यालयहरुको सुपरिवेक्षण सम्वन्धमा अध्ययन अनुसन्धान हुँदै आएपनि सुपरिवेक्षकहरुको भूमिकाले विद्यालयको शैक्षिक, भौतिक, प्रशासनिक जस्ता पक्षहरुमा पारेको प्रभावका बारेमा स्थानीय स्तरबाट अध्ययन अनुसन्धान नभएकोले त्यसबारे थप अध्ययन अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ । शिक्षा क्षेत्रमा मानवीय, भौतिक तथा आर्थिक स्रोतको व्यवस्थापन पर्याप्त रुपमा भएपनि प्रभावकारी सुपरिवेक्षण प्रणालीको अभावमा अपेक्षित उपलब्धी हासिल हुन नसकि रहेको अवस्था छ । यस किसिमको विश्लेषणात्मक अध्ययनबाट शैक्षिक योजना निर्माण, शैक्षिक नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाहरुलाई मदत पुग्ने देखिन्छ ।

यस अध्ययनमा नेपालका सामुदायिक विद्यालयहरुमा सुपरिवेक्षकले निर्वाह गरेको भूमिका, सुपरिवेक्षकको रुपमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, विद्ययालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले विद्यालयको सम्पूर्ण पक्षमा पारेको प्रभाव जस्ता पक्षहरुमा सुक्ष्म रुपले विश्लेषण गर्ने प्रयास गरिएको छ । यस अध्ययनबाट प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षकहरु, स्रोतव्यक्ति, शैक्षिक योजनाकार, सरकार तथा सुपरिवेक्षण क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरुलाई समेत सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

**अध्ययनका उद्देश्यहरु**

यस अध्ययनका लागि निम्नानुसार उद्देश्यहरु राखिएको छ ।

१. सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रक्रियाको पहिचान गर्नु ।

२. शैक्षिक सुपरिवेक्षणले विद्यालयको शिक्षण सिकाइमा पारेको प्रभाव खोज्नु ।

३. शैक्षिक सुपरिवेक्षण प्रणालीको प्रभावकारिताको लेखाजोखा गर्नु ।

४. वर्तमान विद्यालय सुपरिवेक्षण प्रणालीका समस्याहरुको पहिचान गर्नु ।

**अनुसन्धानात्मक प्रश्नहरु**

यस अध्ययनलाई अगाडि बढाउने क्रममा निम्नानुसार अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) विद्यालयहरुमा वर्तमान शैक्षिक सुपरिवेक्षण्को प्रकृया कस्तो छ ?

ख) निरीक्षकहरुले शैक्षिक सुपरिवेक्षकको रुपमा के कस्ता कार्यहरु गर्ने गरेका छन् ?

ग) सुपरिवेक्षण कार्यले विद्यालयको शिक्षण सिकाइमा कस्तो प्रभाव पारेको छ ?

घ) विद्यालयमा सुपरिवेक्षण प्रणालीको प्रभावकारिता कस्तो छ ?

ङ) सुपरिवेक्षकहरुले सामना गर्नुपरेका समस्याहरु के-के हुन् ?

**अध्ययनको परिसीमा**

सीमित प्रयोजनको लागि प्रस्तुत सोधपत्र तयार पार्ने क्रममा समय र जनशक्तिको अभाव छ । त्यसैले यस अध्ययनलाई विद्यालय निरीक्षकहरुको सुपरिवेक्षकीय भूमिकामा मात्र सीमित गरिएको छ । यो अध्ययन लक्ष्मीपुर स्रोतकेन्द्र अन्तर्गतका ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरुमा मात्र सीमित गरिएको छ । यस अध्ययनको क्रममा नमूनामा परेका विद्यालयहरुमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र वि.व्य.स. अध्यक्षमा मात्र अध्ययनको सीमा निर्धारण गरिएको छ ।

यस अध्ययनलाई शैक्षिक सुपरिवेक्षण प्रणालीले विद्यालयको शैक्षिक, भौतिक र मानविय पक्षको विकासमा पारेको प्रभावमा सीमीत गरिएको छ । शैक्षिक सुपरिवेक्षण प्रकृया अन्तर्गत विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको सुपरिवेक्षकीय भूमीकामा मात्र सीमा निर्धारण गरिएको छ । यो अध्ययनलाई लक्ष्मीपुर स्रोतकेन्द्रमा सीमित गरिएकोले अन्य सबै परिस्थितिहरुमा सामान्यीकरण नहुन सक्छ ।

# परिच्छेद दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस परिच्छेद अन्तर्गत अध्ययनका विषयवस्तुसंग मिल्दा पूर्व प्रकाशित तथा अप्रकाशित सोध-पत्रहरु तथा सान्दर्भिक अनुसन्धानात्मक लेखरचनाहरुको पुनरावलोकन गरिएको छ । अध्ययनलाई अगाडि बडाउने क्रममा सामुदायका विद्यालयहरुको सुपरिवेक्षण प्रकृयासंग उपयुक्त हुने मानव सम्बन्ध सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ। शैक्षिक उपादेयतालाई पनि यसै परिच्छेदमा उल्लेख गरिएको छ।

**सम्बन्धित साहित्यको पुनरावलोकन**

यस अध्ययनमा पूर्वसाहित्य समीक्षाको क्रममा नेपालका विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षकको रुपमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, वि.व्य.स. र प्रधानाध्यापकले खेलेको भूमिका र पारेको प्रभाव सम्वन्धि साहित्यहरुको समीक्षा गरिएको छ । पूर्वसाहित्यहरुको पुनरावलोकन गर्ने क्रममा यस अध्ययनमा छनौट गरिएको शीर्षकसंग मिल्दाजुल्दा अनुसन्धान एवं अनुसन्धानात्मक लेख रचनाहरुलाई आधार बनाइएको छ ।

ढकाल,(२०६२) अनुसार निरीक्षकहरु परीक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, तालिम सञ्चालन, शैक्षिक तथ्याङ्क निर्माण, छात्रवृत्ति वितरण, वार्षिक कार्य तालिका निर्माण जस्ता प्रशासनिक कार्यमा संलग्न हुँदा निरीक्षण कार्यमा बाधा पुग्न गएको छ । विद्यालय निरीक्षकहरु विद्यालय गएर पनि सामान्य रुपमा कक्षा अवलोकन गर्दैनन् । अधिकंश निरीक्षकहरु बिना योजना नै कार्यक्षेत्रमा जाने र निरीक्षकको शैलीमा प्रस्तुत हुने गर्दछन् ।

पुनरावलोकन गरिएको साहित्यका आधारमा निरीक्षकहरु अधिकांश समय प्रशासनिक कार्यमा नै व्यस्त हुने भएकोले सुपरिवेक्षण कार्य प्रभावकारी ढंगले हुन सकेको देखिदैन । निरीक्षकहरु केवल औपचारिकताको लागि मात्र विद्यालयहरुमा पुग्ने गर्दछन् ।

अर्याल, (२०६१) अनुसार जिल्ला शिक्षा अधिकारीबाट वर्षमा सरदर ३ पटक सम्म विद्यालयको निरीक्षण हुने गरेको देखियो । [illegible] प्तो निरीक्षण सहरी र सुविधा सम्पन्न क्षेत्रमा मात्र हुनेगरेको पाइयो । ३८.५ प्रतिशत निरीक्षक[illegible] वर्षमा सरदर २ पटक मात्र विद्यालयको निरीक्षण गर्नेगरेको पाइयो । ३८.५ प्रतिशतले वर्षमा ३ पटक र २३ प्रतिशत निरीक्षकले निश्चित नभएको विचार व्यक्त गरे । ५८.३ प्रतिशत शिक्षकहरुले निरीक्षकको भूमिका सहयोगीको रुपमा भएको

विचार व्यक्त गरे भने, १६.७ प्रतिशतले निरीक्षणको प्रभाव कुनै महत्व नदिने खालको भएको अभिमत व्यक्त गरे । ८.३ प्रतिशत शिक्षकहरुले निरीक्षणको प्रभाव केवल औपचारीकता पूरा गर्ने खालको मात्र भएको र ८.३ प्रतिशत शिक्षकहरुले निरीक्षकलाई त्रासपूर्ण वातावरणको रुपमा लिने गरेको पाइयो ।

अध्ययन गरिएको पूर्वसाहित्यका आधारमा विद्यालय निरीक्षण अपेक्षाकृत गतिमा हुन नसकेको, निरीक्षकहरुले विद्यालयमा पर्याप्त समय दिन नसकेको र निरीक्षण कार्य केवल प्रशासनिक ढाँचामा मात्र सीमित भएको पाइन्छ ।

सुवेदी, (२०६८) अनुसार विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको भूमिका मिश्रित प्रकारको देखिन्छ । केही स्रोतव्यक्तिहरुले निरीक्षण सम्बन्धि सेवाकालिन तालिम लिएको पाइयो भने वर्षमा कम्तिमा तीनपटक सम्म विद्यालयको सुपरिवेक्षण गर्ने गरेको पाइयो । प्राय स्रोतव्यक्तिहरु तालिम, गोष्ठी, योजना निर्माण, निर्देशन, समन्वय र नियन्त्रण जस्ता प्रशासनिक कार्यहरुमा नै व्यस्त हुनेगरेको देखिन्छ । सुपरिवेक्षकको रुपमा स्रोतव्यक्तिहरुको भूमिका खासै प्रभावकारी देखिदैन । सुपरिवेक्षण सम्वन्धि योजना निर्माण, कक्षा अवलोकन, परामर्श जस्ता पक्षहरुमा खासै प्रगति भएको पाइदैंन । प्रधानाध्यापक तथा शिक्षकहरुले पनि निरीक्षणकार्यमा स्रोतव्यक्तिलाई खासै सहयोग नगरेको पाइयो ।

पुनरावलोकन गरिएको साहित्यका आधारमा स्रोतव्यक्तिहरुले विद्यालय निरीक्षणमा खासै समय नदिएको, धेरै समय प्रशासनिक कार्यमा व्यस्त हुने गरेको र सुपरिवेक्षण कार्य पनि केवल प्रशासनिक उद्देश्यले मात्र हुने गरेको देखिन्छ ।

बराल, (२०६८) अनुसार बालविकास केन्द्रहरुको नियमित अनुगमन र निरीक्षणको अभाव देखिन्छ । जिल्लामा बालविकास केन्द्रहरुको निरीक्षण, अनुगमन गर्न छुटै बालविकास बोर्डको व्यवस्था भएपनि यो संस्था केवल औपचारिक रुपमा मात्र सीमित रहेको पाइयो । गाउँ शिक्षा समिति, स्रोतकेन्द्र तथा विद्यालय निरीक्षकहरुलाई बालविकास केन्द्रहरुको निरीक्षण गर्ने अधिकार दिइएको भएपनि उल्लेख्य संस्थाहरुको भूमिका नगन्य देखिन्छ । नियमित सुपरिवेक्षणको अभावमा कतिपय बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुले नपढाइकन नै तलव भत्ता बुभ्ने गरेको समेत

पाइयो । तोकिएको स्थानमा बालविबास केन्द्र सञ्चालन नभइ स.का.को घर आँगनमा समेत सञ्चालन हुने गरेको पाइयो ।

अध्ययन गरिएको पूर्वसाहित्यमा जितपुर गा.वि.स. मा सञ्चालित बालविकास केन्द्रहरुको वस्तुस्थिति देखाईएको छ । बालविबास केन्द्रको व्यवस्थापन, अनुगमन र निरीक्षण गर्न विभिन्न व्यक्ति तथा संघसंस्थाहरुलाई अधिकार दिएपनि नियमित अनुगमन र निरीक्षणको अभावमा यस्ता बालविकास केन्द्रहरु ठगी खाने भांडो भएको प्रष्ट हुन्छ ।

सुवेदी, (२०६७) अनुसार जिल्ला शिक्षा अधिकारीले वर्षमा एकपटक, वि. नि. ले वर्षमा दुइपटक, स्रोतव्याक्तिले वर्षमा तीनपटक देखि ५ पटक सम्म विद्यालय निरीक्षण गर्ने गरेको पाईयो । निरीक्षणको प्रभावकारिता सम्बन्धमा जि. शि. अ. र वि. नि.हरु शत्प्रतिशत सहमत भएको पाइयो भने ७० प्रतिशत प्र.अ.हरुले निरीक्षकले गर्ने निरीक्षण सहयोगी खालको हुने जवाफ दिएका थिए । त्यसैगरी २५ प्रतिशत अविभावक, ३० प्रतिशत विद्यार्थी पनि माथिको भनाइमा सहमत देखिन्छन् । त्यसैगरी १० प्रतिशत प्र.अ., ५ प्रतिशत अभिभावक र २० प्रतिशत विद्याथीहरुले निरीक्षण कार्य महत्व नदिने खालको हुने वताए । त्यसैगरी २० प्रतिशत प्र.अ., २५ प्रतिशत अभिभावक र ३० प्रतिशत विद्याथीहरुले यसलाई केवल औपचारिकतामा मात्र सीमित रहेको धारणा व्यक्त गरे ।

पुनरावोलन गरिएको पूर्वसाहित्यका  आधारमा निरीक्षणको भुमिकालाइ मिश्रित रुपले लिएको पाइन्छ । जि.शि.अ. र वि.नि.हरुले निरीक्षण कार्यको बचावट गरेको पाइन्छ भने कतिपय प्र.अ., अभिभावक र विद्यार्थीहरुले औपचारिक प्रकृयाको रुपमा मात्र स्विकार गरेको देखिन्छ ।

पाण्डे, (२०६६) अनुसार स्रोतव्यक्तिहरु तालिम सञ्चालन, बैठक र तथ्याङ्क संकलन जस्ता प्रशासनिक कार्यमा मात्रै अल्मलिएका छन । विद्यालय निरीक्षकहरु कार्यालयको काममा नै बढी व्यस्त रहने र निरीक्षण गर्न गएपनि विद्यालय सङ्ख्या, शिक्षक र सङ्ख्या, नियमितता, भौतिक निरीक्षण तथा आर्थिक निरीक्षणमा मात्रै व्यस्त रहनुले शैक्षिक सुपरिवेक्षणको कार्य प्रभावकारी हुन सकेको छैन् ।

पुनरावलोकन गरिएको साहित्यका आधारमा सुपरिवेक्षकहरु प्रशासनिक कार्यमा नै अल्मलिने हुनाले उनीहरुले प्रभावकारी ढंगले पदीय जिम्मेवारी पूरा गर्न नसकेको देखिन्छ ।

शर्मा, (२०६८) अनुसार जिल्ला शिक्षा अधिकारीले विद्यालय निरीक्षकहरुलाई प्रशासनिक कार्यमा बढी लगाउने गरेको पाइन्छ । यसैबाट उनीहरुको निरीक्षण कार्यमा बाधा पुग्न गएको पाइन्छ । शिक्षा कार्यालयमा आवश्यकता अनुसार प्रशासनिक दरबन्दि र मौजुदा दरबन्दी कमि भएकाले निरीक्षणलाई कार्यालयमा नै संलग्न गराउनु पर्ने बाध्यता रहेको छ । विद्यालय निरीक्षकहरुलाई दैनिक भ्रमणभत्ताको कमि भएको, तालिमको अवसर कमि भएको र कार्यक्षेत्रमा उपयुक्त वातावरणको अभाव देखिन्छ ।

काठमाडौं जिल्लालाई आधार बनाएर गरिएको यस अध्ययनले सुपरिवेक्षण एउटा प्राविधिक कार्य भएपनि अधिकाशं सुपरिवेक्षकहरु प्रशासनिक कार्यमा नै व्यस्त हुने गरेको पाइन्छ । न्यून भ्रमणभत्ता, तालिमको अभाव र उपयुक्त वातावरणको अभावमा सुपरिवेक्षण कार्य प्रभावकारी हुन सकेको छैन् ।

यसरी पूर्वसाहित्यको समीक्षा अन्तर्गत प्रस्तुत गरिएका विभिन्न अनुसन्धानहरुले नेपालको विद्यालय प्रणालीमा सुपरिवेक्षकको दायित्व, भूमिका र प्रभावबारेमा विश्लेषण गरिएको छ । नेपालको वर्तमान शैक्षिक सुपरिवेक्षणको शैली, शैक्षिक सुपरिवेक्षक प्रति प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरुको प्रतिक्रिया लगायत शैक्षिक सुपरिवेक्षण प्रणालीको प्रभावकारीता सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारात्मक कार्यहरुको सम्बन्धमा समेत विश्लेषण गरिएको छ ।

**अध्ययनको सैद्धान्तिक खाका**

यस अध्ययनलाई तथ्यपरक बनाई सैद्धान्तिक समर्थन जुटाउनका लागि मानव सम्बन्ध सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ ।

मानव सम्बन्ध सिद्धान्त सन् १९५० ताका प्रचलनमा आएको सिद्धान्त हो । यस अगाडिका सिद्धान्तहरुले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणले यो सिद्धान्तको सुरुवात भएको हो । कुनैपनि संगठनमा कार्य गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध भएमा काम सम्पादन

राम्रो, चाँडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्यसम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुराले धेरैमा छुन थाल्यो । यस सिद्धान्तलाई अन्तर वयक्तिक पनि भनिन्छ ( कोईराला, २०६६) ।

मानव सम्बन्ध सिद्धान्तको विकास गर्ने श्रेय जर्ज इल्टन मायो (१८८०-१९४९) र मेरी पार्कर फोलेट (१८६८-१९३३) लाई जान्छ । मायो (१८८०-१९४९)ले मानव सम्बन्ध विकासका लागि गरेका अनुसन्धानहरु ज्यादै उपयोगी मानिन्छन् । मायोले विभिन्न अनुसन्धानात्मक लेखहरुबाट मानव सम्बन्धमा विभिन्न निष्कर्षहरु निकालेका थिए । जसअनुसार कर्मचारीहरुका कमि कमजोरीहरु पत्ता लगाउन समन्वय र प्रेरणा प्रदान गर्नुपर्ने, नेतृत्वको विकास गर्नुपर्ने, सांगठनिक कार्यमा सबैलाई सहभागी गराउनुपर्ने, प्रभावकारी सञ्चारको स्थापना गर्नुपर्ने, कामदारहरुलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार प्रदान गर्नुपर्ने उनका प्रमूख मान्यताहरु हुन् (पूर्ववत्) ।

मेरी पार्कर फोलेट (१८६८-१९३३) एक मानवीय, सामाजिक, राजनीतिज्ञ एवम् दार्शनिक थिईन् । उनको विचारमा उत्पादन बढाउन व्यक्तिहरुका भावना र चाहना बुझेर कामदार र प्रशासक बीचको मानवीय सम्बन्ध विकास गर्नुपर्दछ । उनले 'Creative Experiences' नामक पुस्तकमा मानवीय सम्बन्धका विविध पक्षलाई उल्लेख गरेकी छन् । उनले समन्वय सम्बन्धि सिद्धान्तको समेत प्रतिपादन गरेकी छन् (पूर्ववत्) ।

प्रो. डगलस म्याक ग्रेगर (१९०६-१९६४) ले प्रतिपदन गरेका X र Y सिद्धान्तलाई पनि सैद्धान्तिक खाकाको रुपमा उपयोग गरिएको छ । X सिद्धान्त अनुसार औसत मानिसहरु काम गर्न रुचि नदिने, काम गराउन नियन्त्रण गर्नुपर्ने, स्वतन्त्र निर्णयबाट बच्न खोज्ने हुन्छन् । त्यस्तै उनको Y सिद्धान्त अनुसार मानिसहरु कामगर्न रुचि राख्ने, जिम्मेवारी लिन चाहने, जति उपलब्धी पायो त्यती नै कार्यमा लागिरहने र संगठनात्मक समस्या समाधान गर्न चाहने क्षमता राख्दछन् (पूर्ववत) ।

**शैक्षिक उपादेयता**

सुपरिवेक्षण एउटा प्राविधिक कार्य हो । यसको मूख्य उद्देश्य मानवीय सम्वन्ध स्थापना गरी शिक्षण सिकाइमा देखापरेका समस्याहरुको समाधान गर्नु हो । सुधारात्मक सुपरिवेक्षणको मुख्य उद्देश्य मानवीय अन्तरनिहित क्षमताको विकास गराउने भएकोले विद्यालय र सुपरिवेक्षक बीचको

सुमधुर सम्वन्धबाट मात्र उल्लेखित उद्देश्यहरु पूरा हुनसक्ने भएकोले उल्लेखित सिद्धान्तका आधारमा सुपरिवेक्षण प्रकृयाको प्रभावकारिता विश्लेषण गरिएको छ ।

प्रस्तुत गरिएको मानव सम्बन्ध सिद्धान्तको आधारबाट विद्यालय र सुपरिवेक्षक बीचको सम्वन्ध, कार्यसम्पादन प्रकृया, उत्प्रेरणा, योजना निर्माण जस्ता पक्षहरुको विश्लेषण गर्न मदत मिल्ने अपेक्षा गरिन्छ । त्यसैगरी X र Y सिद्धान्तको आधारमा मानवीय व्यवहार र प्रकृतिको अध्ययन र विश्लेषण गर्न मदत मिल्ने देखिन्छ ।

पूर्व साहित्यको अध्ययनबाट वर्तमान सुपरिवेक्षण र निरीक्षण प्रकृया बुझ्न, सुपरिवेक्षक तथा निरीक्षकले शिक्षण सिकाइमा पारेको प्रभावको समीक्षा गर्न थप सहयोग मिल्ने देखिन्छ । उल्लेखित पूर्वसाहित्यको विश्लेषण र सैद्धान्तिक खाकालाई आधार मानेर तथ्याङ्कको स्रोत पहिचान गर्न, विश्वसनीय तथ्याङ्क संकलन र विश्लेषण गर्न मद्धत पुग्ने अपेक्षा गरिन्छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

यस परिच्छेद अन्तर्गत अनुसन्धानात्मक ढाँचा, अध्ययनको जनसङ्ख्या र नमूना छनौट, अनुसन्धानका साधनहरु, तथ्याङ्क संकलन प्रकृया र तथ्याङ्क विश्लेषण प्रकृयालाई उल्लेख गरिएको छ ।

## अनुसन्धानात्मक ढाँचा

यो अध्ययन मिश्रित ढाँचाको रहने छ । यो अध्ययन प्रमुखरुपमा प्राथमिक तथ्याङ्कमा आधारित छ । यो अध्ययनमा प्रश्नावली, अन्तरवार्ता तालिका र विद्यालय सर्वेक्षण फारमको प्रयोगगरी आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । गुणात्मक तथा परिमाणत्मक किसिमका तथ्याङ्कहरुको प्रयोग गरी यस अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनमा तथ्याङ्कहरुको विश्लेषण मिश्रित विधिबाट गरिएको छ ।

## अध्ययनको जनसङ्ख्या र नमूना

यस अध्ययनलाई अगाडि बढाउने क्रममा छनौट गरिएको जनसंख्या अध्ययनको नमूना जनसंख्या र नमूना छनौट प्रकृयालाई निम्नानुसार उपशीर्षकहरुमा उल्लेख गरिएको छ ।

### अध्ययनको जनसंख्या

यस अध्ययनलाई अगाडि बढाउने क्रममा लक्ष्मीपुर स्रोत केन्द्र अन्तर्गतका ८ वटा प्राथमिक विद्यालयहरु प्राथमिक तहमा अध्ययनरत ४०५ जना विद्यार्थी सो विद्यालयमा अध्यापन गर्ने ३४ जना शिक्षक, प्रधानाध्यापक ८ जना, वि.व्य.स. अध्यक्ष ८ जना, स्रोतव्यक्ति १ जना र विद्यालय निरीक्षक १ जनालाई कुल जनसंख्याको रुपमा लिइएको छ ।

**नमूना जनसंख्या**

यस अध्ययनलाई अगाडि बढाउने क्रममा ५ वटा विद्यालय, २० जना विद्यार्थी, १० जना शिक्षक, ५ जना प्रधानाध्यापक, ५ जना वि.व्य.स. अध्यक्ष, १ जना स्रोतव्यक्ति र १ जना विद्यालय निरीक्षकलाई अध्ययनको नमूना जनसंख्याको रुपमा उपयोग गरिएको छ ।

**नमूना छनौट प्रकृया**

लक्ष्मीपुर स्रोतकेन्द्र अन्तर्गत सञ्चालीत १० वटा प्राथमिक विद्यालयहरु मध्ये सँयोगात्मक नमूना छनौट विधिमा आधारीत भई ५ वटा विद्यालयहरु छनौट गरियो । प्रत्येका विद्यालयबाट कम्तीमा २ जना शिक्षक पर्ने गरी सँयोगात्मक नमूना छनौट विधिबाट १० जना शिक्षकहरुको छनौट गरियो । नमूना छनौटमा परेका विद्यालयहरुबाट कम्तिमा एउटा विद्यालयबाट ४ जना पर्ने गरी चिट्ठा प्रणालीमा आधारीत भई २० जना विद्यार्थीहरुको छनौट गरियो । सम्बन्धित विद्यालयका प्र.अ. १/१ जनाका दरले ५ जना, वि.व्य.स.अध्यक्ष १/१ जनाका दरले ५ जना, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति १ जना र सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक १ जनालाई उद्देश्य मूलक नमूना छनौट विधिमा आधारित भई नमूनाको रुपमा छनौट गरिएको छ ।

विद्यालय निरीक्षक १ जना, स्रोतव्यक्ति १ जना , प्रधानाध्यापक ५ जना, वि.व्य.स. अध्यक्ष ५ जना , शिक्षक १० जना र विद्यार्थी २० जना गरी कूल ४२ जना लाई नमूना जनसङ्ख्याको रुपमा उपयोग गरिएको छ ।

लक्ष्मीपुर स्रोतकेन्द्र अन्तर्गत लक्ष्मीपुर, शान्तिपुर र गोदक गा.वि.स.का सामुदायिक प्राथमिक विद्यालयहरु मध्ये संयोगात्मक नमुना छनौट विधिमा आधारित भई पाँचवटा विद्यालयहरुबाट प्रत्येक विद्यालयबाट दुई जना पर्ने गरी संयोगात्मक नमूना छनौट विधिबाट दशजना शिक्षकहरुको छनौट गरियो । छनौटमा परेका विद्यालयहरुबाट चिट्ठा प्रणालीमा आधारित भई प्रत्येक विद्यालयबाट चार जना पर्ने गरी वीस जना विद्यार्थीहरुलाई नमूनाको रुपमा छनौट गरियो । अध्ययनको क्रममा प्रधानाध्यापक १/१ जनाका दरले पाँच जना, वि.व्य.स.अध्यक्ष १/१ जनाका दरले पाँच जना र

लक्ष्मीपुर स्रोतकेन्द्रको एक जना स्रोतव्यक्ति र सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक एक जनालाई उद्देश्य मूलक नमूना छनौटमा आधारित भई नमूनाको रुपमा छनौट गरिएको छ ।

**अनुसन्धानका साधनहरु**

यस अनुसन्धानलाई अगाडि बढाउने क्रममा आवश्यक पर्ने तथ्याङ्क र जानकारीहरु संकलन गर्न निम्नानुसार अनुसन्धान साधनहरुको प्रयोग गरिएको छ ।

**प्रश्नावली**

अध्ययनका लागि छनौट भएका शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई खुल्ला प्रश्नावली भराई आवश्यक सूचना संकलन गरिएको छ । प्रश्नावलीलाई अनुसूची क्रमशः १,२,३,४,५ मा राखिएको छ।

**अर्न्तवार्ता सूची**

प्रधानाध्यापकका लागि छुट्टै अर्न्तवार्ता तालिका निर्माण गरी जानकारीहरु संकलन गरिएको छ । अन्तर्वाता तालिकालाई अनुसूची ६ मा राखिएको छ।

**लिखित सूचनाहरुको अध्ययन**

विद्यालयमा आ.व. २०६७/६८ मा सुपरिवेक्षण सम्बन्धि निर्माण गरिएका योजनाहरु, सुपरिवेक्षण सम्बन्धि निर्णयहरु र परामर्श कार्यक्रमहरुको रुजुसूचीको प्रयोग गरी अध्ययन गरिएको छ । रुजुसूचीका नमूनालाई अनूसुची ७ मा राखिएको छ।

**तथ्याङ्कका स्रोतहरु**

यस अध्ययनलाई अगाडि बढाउने क्रममा निम्न तथ्याङ्कका स्रोतहरुको उपयोग गरिएको छ।

**प्राथमिक तथ्याङ्क**

यस अन्तर्गत विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शिक्षक, विद्यार्थी र वि.व्य.स. अध्यक्षलाई सोधिने प्रश्नावली र प्रधानाध्यापकलाई सोधिने अन्तर्वाता तालिका यस अध्ययनका प्राथमिक तथ्याङ्कका स्रोतहरु हुन् ।

**द्वितीय तथ्याङ्क**

अनुसन्धानको क्रमा शिक्षक स्टाफ बैठकका निर्णयहरु, वि.व्य.स. का निर्णयहरु र शैक्षणिक योजनाहरुलाई द्वितीय तथ्याङ्कको रुपमा अध्ययन गरिएको छ ।

**तथ्याङ्क संकलन प्रक्रिया**

यस अध्ययनको क्रममा नमूना छनौटमा परेका ५ वटा विद्यालयहरु मध्ये पहिलो दिन दुईवटा विद्यालयहरुको स्थलगत भ्रमण गरी नमूना छनौटमा परेका विद्यार्थीहरुलाई प्रश्नावली वितरण गरी भोलि पल्ट बुझाउन भनियो । दोस्रो दिन उक्त भरिएका प्रश्नावलीहरु संकलन गरियो । तेस्रो दिन नमूना छनौटमा परेका बांकि तीनवटा विद्यालयहरुका विद्यार्थीहरुलाई प्रश्नावली वितरण गरियो र चौथो दिन उक्त प्रश्नावलीहरु संकलन गरियो । पाँचौ दिन नमूना छनौटमा परेका सम्पुर्ण शिक्षकहरुलाई स्रोतकेन्द्रमा जम्मा गरी प्रश्नावली वितरण गरियो र उक्त प्रश्नावलीहरु भरिसके पछि भरपर्दो माध्यमबाट अनुसन्धानकर्तालाई उपलब्ध गराईदिन अनुरोध गरियो । छैटौं दिन सम्बन्धित स्रोतकेन्द्रको स्रोतब्यक्ति र सातौं दिन सम्बन्धित विद्यालय निरीक्षकलाई प्रश्नावली भराईयो ।

तथ्याङ्क संकलन गर्ने क्रममा क्रमश आठौं, नवौं र दशौं दिनमा नमूना छनौटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई प्रश्नावली भराइयो । एघारौं, बाह्रौं र तेह्रौं दिन सम्बन्धित विद्यालयका प्र.अ.हरुसंग अन्तरवार्ता लिइयो । माथिकै प्रकृया अनुसार लिखित सूचना तथा जानकारीहरुको समेत संकलन गरियो ।

**तथ्याङ्क विश्लेषण प्रकृया**

यो शोधपत्र वर्णनात्मक प्रकृतिको रहेको छ । यस्मा प्रश्नावलीहरु वर्णनात्मक खालका अध्ययन सामग्रीहरु निर्माण र प्रयोग गरिएको छ । एक जना विद्यालय निरीक्षक, ५ जना प्रधानाध्यापक, १० जना शिक्षक र २० जना विद्यार्थीहरुलाई छुट्टाछुटै प्रश्नावलीहरु निर्माण गरी शोधकर्ता स्वयंले नै सम्बन्धित उत्तरदाताहरुलाई वितरण गरी प्रश्नावली संकलन गरिएको हो ।

यो शोधकार्य शैक्षिक विषय वस्तुसंग सम्बन्धित छ । यस्मा सैद्धान्तिक र व्यवहारिक पक्षहरु समाविष्ट छन् । यस्मा सन्दर्भ साहित्य, अन्तवार्ता, व्यक्तिगत अनुभव अनुभूतिहरु फिल्ड निरीक्षण आदि तथ्याङ्कबाट प्राप्त तथ्यहरुलाई विश्लेषण गरी वर्णन गर्ने कार्य गरिएको छ ।

यो शैक्षिक अनुसन्धानको क्रममा संकलन गरिएका विभिन्न तथ्याङ्कहरुलाई बर्णनात्मक तथा विश्लेषणात्मक दुवै विधिबाट विश्लेषण गरिएको छ ।  गुणात्मक तथ्याङ्कहरुलाई शाब्दिक रुपमा व्याख्या विश्लेषण गरिएको छ । सुचना तथा जानकारीहरुलाई बुझ्न तथा हेर्न सजिलो होस भनेर तालिकामा समेत देखाईएको छ ।

## परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण

यस परिच्छेद अन्तर्गत अध्ययन अनुसन्धानको क्रममा नमूना छानैटमा परेका विद्यालय, शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक, स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकलाई भराइएको प्रश्नावली, अन्तर्वाता तालिका तथा रुजुसूची समेतबाट संकलन गरिएका  तथ्याङ्कहरुलाई विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषणकै क्रममा देखिएको वा प्राप्त गरिएको परिणाम र त्यस परिमाण वा

प्राप्तीलाई अध्ययनको क्रममा उपयोग गरिएको सैद्धान्तिक खाकासंग समेत तुलनात्मक विश्लेषण गरिएको छ ।

**सामुदायिक विद्यालयमा शैक्षिक सुपरिवेक्षण प्रकृयाको पहिचान**

आधुनिक सुपरिवेक्षण एउटा बैज्ञानिक ढाँचामा सञ्चालन हुने प्रकृयागत कार्य हो । सुपरिवेक्षणले केवल शिक्षकहरुको कक्षाकोठाको क्रियाकलापको मात्र अवलोकन नगरी योजनाबद्ध ढंगबाट शिक्षक तथा विद्यालयका समस्याहरुको पहिचान गर्ने, नमूना पाठको प्रस्तुतिकरण शिक्षक तथा विद्यालयहरुसंगको सम्बन्ध सुधार, तथ्याङ्कहरुको संकलन तथा विश्लेषण प्रकृया र परामर्श सभा कसरि संञ्चालन गरिरहेकाछन् भनी प्राप्त जानकारीका आधारमा विभिन्न उपशीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ ।

**शिक्षक तथा विद्यालयका समस्याहरुको पहिचान**

सुपरिवेक्षण प्रकृयाको सुरुवातीको व्यवस्था शिक्षक तथा विद्यालयका समस्याहरुको पहिचान गर्नु हो । प्राप्त सूचनाहरुको विश्लेषण गर्दा शिक्षक तथा विद्यालयका समस्याहरु पहिचान सम्बन्धमा फेलापरेका तथ्यहरुलाई निम्नानुसार तालिका नं. १ मा देखाइएको छ ।

**तालिका नं.-१**

**विद्यालय तथा शिक्षकका समस्याहरुको पहिचान**

| क्र.सं. | सुपरीवेक्षकको पद | समस्याहरुको पहिचानको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पहिचान गर्ने गरेको | पहिचान गर्ने नगरेको | थाहा नभएको | |
| १ | विद्यालय निरीक्षक | गरेको | | | |
| २ | स्रोतव्यक्ति | प्रायजसो | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रधानाध्यापक | प्रायजसो | | | |
| ४ | वि.व्य.स. अध्यक्ष | | | थाहा नभएको | |

स्रोतः (स्थलगत अध्ययन २०६९)

माथिको तालिका नं. १ लाई विश्लेषण गर्दा विद्यालय निरीक्षक बाहेक स्रोतव्यक्ति, प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षले समस्या पहिचानलाई खासै जोडदिएको पाइएन् । विद्यालयमा भौतिक निर्माण सम्बन्धि प्राथमिकता क्रममा निर्धारण गर्दा र विद्यालयहरुमा आर्थिक अनुदान र शिक्षक दरवन्दी व्यवस्थापनको क्रममा विद्यालयका समस्याहरु पहिचान गर्ने गरिएको विद्यालयका निरीक्षक तथा स्रोतव्यक्तिको धारणा रहेको पाइयो । शिक्षकहरुको सरुवाको निर्णय गदा समेत शिक्षकहरुमा समस्या पहिचान गर्ने गरिएको निरीक्षक, स्रोतव्यक्ति तथा प्रधानाध्यापकले बनाउनु भयो । यसरी समग्र सुपरिवेक्षण प्रकृयामा २५ प्रतिशत सुपरिवेक्षकले यस प्रकृयालाई पूर्णरुपले पालना गर्ने गरेको पाइयो भने बाँकी ७५% ले आंशिक रुपले मात्र प्रयोग गर्नेगरेको देखियो ।

**सुपरिवेक्षण योजनाको निर्माण**

अनुसन्धानको लागि नमुना छनौटमा परेका व्यक्तिहरु मध्ये स्रोतव्यक्ति र विद्यालय निरीक्षकले सुपरिवेक्षण सम्बन्धि वार्षिक योजना निर्माण गर्ने गरेको पाइयो । प्रधानाध्यापक मध्ये २ जना (४० प्रतिशतले) सामान्य योजना निर्माण गर्ने गरेको राय व्यक्त गरे भने बाँकी ३ जना (६०) प्रतिशतले सुपरिवेक्षण सम्बन्धि छुटै योजना निर्माण गर्ने गरेको पाइएन । वि.व्य.स. का अध्यक्षहरुले सुपरिवेक्षण सम्बन्धि छुटै योजना निमार्ण नगरेपनि विद्यालयको वार्षिक शैक्षणिक योजनाका आधारमा नै सुपरिवेक्षण गर्ने गरेको पाइयो । छनौटमा परेका विद्यालयहरु मध्ये पेशागत विकास तालिम कार्यशाला पूरागरेका ५ जना शिक्षकहरुले शिक्षण सुधार योजनामा सुपरिवेक्षण योजनालाई पनि समावेस गरेको पाइयो । स्रोतकेन्द्रमा तयार पारिएको वार्षिक शैक्षिक कार्यक्रममा सुपरिवेक्षण सम्बन्धि कार्ययोजना निर्माण भएको पाइएपनि क्षेत्रगत (शैक्षिक, आर्थिक, भौतिक) रुपमा छुटै योजनाको निमार्ण भएको पाइएन ।

**नमूना पाठको प्रस्तुतिकरण**

नमूना पाठको प्रस्तुतिकरण सुपरिवेक्षण प्रकृयाको प्रमुख पक्ष हो । आधुनिक सुपरिवेक्षण प्रकृयामा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक वा अन्य शैक्षिक सुपरिवेक्षकहरुले गोष्ठि, तालिम वा कक्षा सुपरीवेक्षणको क्रममा नमूना पाठको प्रस्तुतिकरणलाई अनिवार्य सर्तको रुपमा लिइएको छ । नमूना छनौटमा परेका विद्यालयहरुमा प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यालय निरीक्षकले सुपरिवेक्षण प्रकृयामा नमूना पाठको प्रस्तुतिकरण गर्ने गरेको पाइयो । प्रधानाध्यपकहरु मध्ये २ जना (४० प्रतिशत) ले नयाँ शिक्षक नियुत्ती वा सरुवा भएर आउँदा नमूना पाठको प्रस्तुतिकरण गर्ने गरेको धारणा व्यक्त गरे । बाँकी ३ जना (६०) प्रतिशत शिक्षकहरुले तालिम, गाष्ठि वा सेमिनारमा नमूना पाठको प्रस्तुतिकरण गरेपनि विद्यालयमा गर्नेगरेको देखिएन । स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकले पनि शिक्षकहरुको पेशागत विकास तालिम कार्यशालामा नमूना पाठको प्रस्तुतिकरण गर्नेगरेको पाइयो । विद्यालय निरीक्षणको क्रममा स्रोतव्यक्तिले कहिलेकाही नमूना पाठको प्रस्तुतिकरण गर्ने गरेपनि विद्यालय निरीक्षणबाट नमूना पाठको प्रस्तुतिकरण गरेको पाइएन । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत पदाधिकारीहरुले नमूना पाठको प्रदर्शन गर्ने गरेको पाइएन । नमूना छनौटमा परेका शिक्षकहरु मध्ये ४ चारजनाले प्रधानाध्यापक तथा स्रोतव्यक्तिले नमूना पाठ प्रदर्शन गरेको धारणा व्यक्त गरे भने बाँकी ६ जना शिक्षकहरुले नमूना पाठको प्रदर्शनी नभएको घारणा व्यक्त गरे । विद्यार्थीहरु मध्ये ८ जना (४० प्रतिशतले) आफ्नो कक्षामा स्रोतव्यक्तिद्वारा नमूना पाठ प्रदर्शन गरिएको विचार व्यक्तगरे भने बाँकीले विद्यालय निरीक्षक र स्रोतव्यक्ति नै नचिनेको धारणा व्यक्त गरे ।

**शिक्षक तथा विद्यालयसंगको सम्बन्ध सुधार**

शैक्षिक सुपरिवेक्षण प्रकृयाको महत्वपूर्ण पक्षको रुपमा शिक्षक तथा विद्यालयसंगको सम्बन्ध सुधारलाई लिइन्छ । शिक्षकलाई शिक्षा प्रणालीमा मानवीय स्रोतकोरुपमा लिनेगरेको पाइन्छ भने विद्यालय आफैमा भौतिक स्रोत हो । शिक्षकहरुको कार्यसन्तुष्टिमा वृद्धिगर्न र विद्यालयको भौतिक, प्रशासनिक तथा मानवीय स्रोतसाधनहरुको वर्तमान अवस्था कस्तो छ ? तिनीहरुलाई सुधार गर्न के कस्ता क्रियाकलाप गर्नुपर्छ ? जस्ता प्रश्नहरुको उत्तर खोज्नु नै शिक्षक तथा विद्यालय संगको सम्बन्ध सुधारसँग सम्बन्धित सुपरिवेक्षण प्रकृया हो ।

नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन सकितिका अध्यक्ष, स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकले शिक्षक तथा विद्यालय सम्बन्ध सुधारमा के कस्ता क्रियाकलापहरु गर्दै आएका छन् भनि विश्लेषण गर्दा छनौटमा परेका अधिकांश सुपरिवेक्षकहरुले शिक्षकसंग व्यक्तिगत सम्बन्ध कायम गरेको, कार्यसम्पादन मूल्याङ्कन गर्दा विषयगत दक्ष्यता संगसंगै जेष्ठताका आधारमा अंकप्रदान गर्नेगरेको, माथिल्लो कक्षामा अध्यायन गर्ने शिक्षकहरुको लागि थप तलबको व्यवस्था गरेको धारणा व्यक्त गरे । त्यसैगरी विद्यालयका शैक्षिक तथा भौतिक समस्याहरुको पहिचान गर्न न्यूनतम् वार्षिक रुपमा दुइपटक वि.व्य.स. का अध्यक्ष, शि.अ. संघका अध्यक्ष र प्रधानाध्यापकको विचमा स्रोतकेन्द्र स्तरीय गोष्ठि सञ्चालन गर्ने गरिएको, विद्यालयमा आयोजित अभिभावक भेलामा स्रोतव्यक्ति तथा विद्यालय निरीक्षक उपस्थित हुनेगरेको पाइयो । सहभागी शिक्षकहरुलाई तपाइहरुका समस्याहरुलाई समाधान गर्न प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति र विद्यालय निरीक्षकले कसरी सहयोग गुर्नभएको छ भन्ने प्रश्नमा ४ जना शिक्षकहरुले सामान्य औपचारिकरुपले समस्या सम्बोधन गर्न आश्वासन पाएको, ४ जना शिक्षकले कुनै पनि भूमिका नखेलेको र बाँकी २ जना शिक्षकहरुले माथिल्लो कक्षामा अध्यापन गराउँदा थप तलबको व्यवस्था गरेको धारणा व्यक्त गरे ।

**तथ्याङ्क संकलन र विश्लेषण प्रकृया**

सुपरिवेक्षण प्रकृयाकालागि आवश्यक शैक्षिक, भौतिक तथा मानवीय स्रोतसंग प्रत्यक्ष सरोकार राख्ने तथ्याङ्कहरु संकलन तथा तथ्याङ्कको विश्लेषण प्रकृया कुन कुन विधिबाट भइरहेको छ भनि यस अध्ययनको क्रममा विश्लेषण गरिएको छ । विद्यालयतहमा वर्षको दुइपटक फ्ल्याक्स फाराम मार्फत विद्यार्थी भर्नाको अवस्था, शैक्षिक उपलब्धी, शिक्षक विवरण भौतिक स्रोतको अवस्था जस्ता विषयहरुमा तथ्याङ्कहरु संकलन गर्नेगरेको पाइयो । विद्यालयबाट प्राप्त तथ्याङ्कहरुलाई स्रोतकेन्द्रमा क्षेत्रगतरुपले विश्लेषण गर्नेगरेको समेत पाइयो । यसरी विश्लेषण गरिएको तथ्याङ्कलाई आधार मानेर जिल्लागत तथ्याङ्क तयार गर्नेगरेको देखियो । शैक्षिक सुपरिवेक्षण प्रकृया अन्तर्गत तथ्याङ्क संकलन पूर्व स्रोतकेन्द्रमा एकदिनको प्रधानाध्यापकहरुका लागि अभिमूखिकरण गोष्ठि समेत सञ्चालन हुनेगरेको पाइयो । विद्यालयमा पनि एक छुट्टै तथ्याङ्क व्यवस्थापन समितिको व्यवस्था भएको र सोही समितिमार्फत विद्यालयका तथ्याङ्कहरु संकलन र विश्लेषण गर्नेगरेको पाइयो ।

**परामर्श सभा सञ्चालन**

शैक्षिक सुपरिवेक्षणको अन्तिम प्रकृयाको रुपमा परामर्श सभा सञ्चालनलाई लिइन्छ । नमूना छनौटमा परेका विद्यालयहरुमा परामर्श सभा सञ्चालनको अवस्था र प्रकृयाबारे विश्लेषण गर्दा विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिबाट औपचारिक रुपबाटै परामर्श सभा सञ्चालन गर्ने गरेको, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले अनौपचारिक रुपमा सञ्चालन गर्ने गरेको पाइयो । शिक्षकहरुको विचारमा ५ जनाले विद्यालयमा नियमित परामर्श सभा सञ्चालन हुनेगरेको धारणा व्यक्ति गरे । त्यसैगरी ५ जनाले परामर्श सभा बारे जनाकारी नभएको धारणा व्यक्त गरे । शिक्षकहरुको पेशागत विकास तालिम कार्यशालामा सहभागी शिक्षकहरुका लागि स्रोतकेन्द्र मार्फत व्यक्तिगत तथा सामुहिक रुपमा परामर्श सभा सञ्चालन गर्ने गरेको पाइयो । परामर्श सभामा के कस्ता विषयहरुमा छलफल गरिन्छ भन्ने प्रश्नमा शिक्षहरुका शैक्षिक पक्ष, कक्षा व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन, बालमैत्री सिकाइ, जस्ता क्षेत्रहरुमा परामर्श प्रदान गर्नेगरेको पाइयो ।

शैक्षिक सुपरिवेक्षण प्रकृया अन्तर्गत शिक्षक तथा विद्यालय तथा विद्यालयका समस्या पहिचान, सुपरिवेक्षण योजना निर्माण, नमूना पाठको प्रस्तुतिकरण, शिक्षक तथा विद्यालय वीचको सम्बन्ध सुधार, तथ्याङ्कको संकलन र विश्लेषण प्रकृया तथा परामर्श सभा सञ्चालनलाई एउटा चक्रगत प्रकृयाको रुपमा लिइ विभिन्न स्रोतबाट प्राप्त सूचना तथा जानकारीहरुको विश्लेषणबाट प्राप्त भएको सारतत्वलाई निम्नानुसार उल्लेख गरिएको छ ।

सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रकृयामा शिक्षक तथा विद्यालयका समस्या पहिचानलाई खासै ध्यान दिएको पाइएन् । विशेष गरेर विद्यालयको भौतिक अवस्था, आर्थिक अनुदानको वितरण र शिक्षक नियुक्ती तथा सरुवामा समस्या पहिचान गर्नेगरेको पाइयो । स्रोतव्यक्ति तथा विद्यालय निरीक्षक बाहेक प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले बार्षिक शैक्षणिक योजनालाई नै सुपरिवेक्षण योजनाको रुपमा प्रयोगगर्ने गरेको पाइयो । कतिपय विद्यालयहरुमा पेशागत विकास कार्यशालामा संलग्न शिक्षकहरुले तयार पारेको शिक्षण सुधार योजना संग सुपरिवेक्षण सम्बन्धि योजना समेत तयार पारेको पाइयो । नमूना छनौटमा परेका स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकले गोष्ठि, तालिम था कार्यशालामा नमूना पाठ पदर्शन गर्नेगरेको पाइयो ।

प्रधानाध्यापकले समेत नयाँ शिक्षक सरुवा भएर आएको अवस्था वा नयाँ शिक्षक नियुक्त भएको अवस्थामा नमूना पाठ प्रदर्शन गर्नेगरेको पाइयो । विद्यालय निरीक्षणको क्रममा स्रोतव्यक्ति बाहेक अन्य सुपरिवेक्षकहरुले नमूना पाठ पदर्शनीमा खासै ध्यान नदिएको पाइयो । सामुदायिक विद्यालयहरुमा विद्यालय तथा शिक्षकका समस्या पहिचानमा खासै महत्व दिएको देखिएन । शिक्षकलाई शिक्षण सिकाइमा उत्प्रेरणा गर्न व्यक्तिगत सम्पर्क कायम गर्न बाहेक कुनै भौतिक तथा अभौतिक पुरस्कार प्रदान गर्ने गरेको पाइएन । स्रोतकेन्द्रमा सञ्चालन हुने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकको संयुक्त गोष्ठिलाई नै सम्वन्ध सुधारको महत्वपूर्ण पक्षको रुपमा लिएको पाइयो । विद्यालय तहको तथ्याङ्क संकलन र विश्लेषण प्रकृयालाई हेर्दा विद्यालय तहमा फ्ल्यास फाराम मार्फत तथ्याङ्क संकलन गर्ने गरिएको र यसलाई स्रोतकेन्द्रमा विभिन्न कोणबाट विश्लेषण गर्नेगरेको पाइयो । सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रकृयामा परामर्श सभा सञ्चलनको अवस्थालाई हेर्दा स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकले यसलाई औपचारिक रुपमै अंगिकार गरेको पाइयो भने प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षले अनौपचारिक ढंगले मात्र परामर्श सभा सञ्चालन गर्नेगरेको पाइयो । पेशागत विकास तालिममा संलग्न शिक्षकहरुलाई स्रोतकेन्द्र मार्फत व्यक्तिगत तथा सामुहिक रुपमा परामर्श सभा संचालन गर्ने गरेको पाइन्छ ।

यस अध्ययनको क्रममा उपयोग गरिएको सैद्धान्तिक खाका इल्टन मायो (१८८०-१९४९) र मेरी पार्कर फोलेट (१८६८-१९३३) ले कुनैपनि संगठनमा प्रभावकारी मानव सम्बन्ध कायम गर्न सकिएमा संगठनको उत्पादकत्वमा वृदि हुने तर यस्तो सम्बन्ध प्रभावकारी नभएमा संगठनले चाहे अनुसारको प्रगति गर्न नसक्ने धारणा अघि सारेका छन् । उत्पादकत्व बढाउन ब्यक्तिको भावना र चाहना बुझेर कामदारसंग नजिकको सम्बन्ध स्थापना गर्नु पर्दछ ।

यस उपशीर्षक अन्तर्गत शैक्षिक सुपरिवेक्षकहरुले विद्यालयका समस्याहरुको पहिचान गर्नु, शिक्षक विद्यार्थीसंग समबन्ध सुधार गर्नु जस्ता सुपरिवेक्षण प्रकृयाहरुलाई अवलम्बन गर्ने गरेको देखिएकोले वर्तमान शैक्षिक सुपरिवेक्षण मानव सम्बन्ध सिद्धान्तले अगाडी सारेको मान्यतासंग मिल्दो देखिन्छ ।

**शैक्षिक सुपरिवेक्षणको सिक्षण सिकाइमा प्रभाव**

शैक्षिक सुपरिवेक्षणलाई शिक्षण सिकाइ प्रकृयाको महत्वपूर्ण अंगको रुपमा लिइन्छ । यस अध्ययनलाई अगाडि बनाउने क्रममा नमूना छनौटमा परेका विद्यालयहरुमा शैक्षिक योजना निर्माण, परीक्षण सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन र विद्यार्थीहरुको सिकाइ उपलब्धी र शिक्षण सिकाई क्रियाकलाप संचालन शिक्षक विद्यार्थीको नियमितताामा वृद्धि जस्ता पाँचवटा क्षेत्रहरुमा शैक्षिक सुपरिवेक्षणले पारेको प्रभावलाई छुटाछुटै उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

**शैक्षिक योजनाको निर्माण**

शिक्षण सिकाइको महत्वपूर्ण अंगको रुपमा शैक्षिक योजनालाई लिइन्छ । विद्यालयमा तयारपारिने विद्यालय सुधार योजना, वार्षिक शैक्षणिक योजना, शिक्षण सुधार योजना, एकाइ योजना र दैनिक पाठयोजना निर्माणमा स्रोतकेन्द्र, विद्यालय निरीक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अदिको महत्वपूर्ण भूमीका रहेको हुन्छ । हरेक पाँच पाँच वर्षमा विद्यालयको सम्पूर्ण शैक्षिक, आर्थिक, भौतिक पक्षहरुलाई समेटेर तयारपारिने विद्यालय सुधार योजना निर्माणपूर्व स्रोतकेन्द्रमा दुई दिने अभिमूखिकरण गोष्ठि सञ्चालन हुने गरेको पाइयो । विद्यालय सुधार योजन (SIP) निर्माण गर्न हरेक विद्यालयहरुमा स्रोतकेन्द्र मार्फत निर्देशन समेत उपलब्ध हुने गरेको पाइयो । प्रत्येक विद्यालयहरुमा वार्षिक शैक्षणिक योजना निर्माण गरी वर्ष दिन भरि विद्यालयमा पढाइ हुने दिन, परीक्षा, विदा लगायत वर्ष भरि विद्यलयमा गरिने मूख्य क्रियाकलापहरु उल्लेख गरी वार्षिक शैक्षणिक योजना निर्माण गर्न जि.शि.का र स्रोतकेन्द्रहरुबाट निर्देशन हुनेगरेको पाइयो ।

यस स्रोतकेन्द्र अन्तर्गत विद्यलयहरुमा निर्माण गरिने वार्षिक शैक्षणिक योजनामा विदा, परीक्षा जस्ता पक्षहरुमा एकरुपता कायम गर्न स्रोतकेन्द्र मार्फत सहजीकरण हुनेगरेको पाइयो । वार्षिक शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था बारे अध्ययन गर्दा नमूना छनौटमा परेका विद्यालयहरुमध्ये २ वटा विद्यालयहरुमा तोकिएको ढाँचामा योजना निर्माण भएको पाइयो । २ वटा विद्यालयहरुमा सामान्य ढङ्गको र बाँकी १ वटा विद्यालयहरुमा वार्षिक शैक्षणिक योजना निर्माण गरिएको पाइएन । प्रयोगको अवस्थालाई हेदा वार्षिक शैक्षणिक योजना निर्माण गर्ने विद्यालय मध्ये २ वटाले ९०% कार्यान्वयन गरेको पाइयो भने बाँकी १ वटाले ५० देखि ६० प्रतिशतको हाराहारीमा यस्को कार्यान्वयन गरेको पाइयो । वार्षिक शैक्षणिक योजना निर्माणमा विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले निर्देशन दिने गरेपनि यसको निर्माण र कार्यान्वयन नगर्ने विद्यालयहरुलाई कुनैपनि किसिमको कारवाही भएको पाइएन ।

नमूना छनौटमा परेका विद्यालयहरुका शिक्षकहरु मध्ये २० प्रतिशत शिक्षकहरुले मात्र तोकिएको ढाँचामा एक एकाई योजना र दैनिक पाठयोनाज निर्माण गरेको पाइयो भने बाँकिले विनायोजना नै शिक्षण गर्ने गरेको पाइयो ।

एकाइ योजना र दैनिक पाठयोजना निर्माणमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति र प्रधानाध्यापकले कसरी सहयोग गर्नुभएको छ भन्ने प्रश्नमा अधिकांश शिक्षकहरुले योजना निर्माण गर्न वि.नि., स्रोतव्यक्ति र प्र.अ.ले  निर्देशन दिएपनि कुनैपनि किसिमको सहजीकरण नभएको विचार व्यक्तगरे । पेशागत विकास तालिममा संलग्न भएका ७ जना शिक्षकहरुले तालिम कार्यशालाको अंगको रुपमा मात्र शिक्षण सुधार योजना निर्माण गर्नेगरेको पाइयो । पेशागत तालिम कार्यशालामा संलग्न नभएका शिक्षकहरुले निश्चित लक्ष्य निर्धारण गरेर शिक्षण सुधार योजना निर्माण गर्नेगरेको पाइएन ।

उल्लेखित योजनाहरुले विद्यालयको शिक्षण सिकाइमा कसरी मद्धत पुऱ्याएको छ भन्ने प्रश्नमा वि.नि, स्रोतव्यक्ति, प्र.अ. र शिक्षकको एकै किसिमको धारणा पाइयो । विद्यालयमा भौतिक स्रोतको परिचालन गर्न विद्यार्थीहरुको उपलब्धीदर बढाउन, तोकिएको समयमा शैक्षणिक कार्यक्रमहरु सञ्चालन गर्न यस्ता शैक्षणिक योजनाहरुले सहयोग पुऱ्याएको पाइयो । आगामी शैक्षिक वर्षदेखि रोष्टर प्रशिक्षक मार्फत कार्यमूलक अनुसन्धान, अभिमूखिकरण गोष्ठि र परियोजना कार्य सञ्चालन गर्ने समेतका नीतिगत योजनाहरु स्रोतकेन्द्र मार्फत निर्माणाधिन अवस्थामा रहेको पाइयो ।

**परीक्षण सञ्चालन र विद्यार्थी मूल्याङ्कन**

नेपालका सामुदायिक विद्यालयहरुमा प्रश्नपत्र निर्माण र परीक्षण, परीक्षणका अन्य साधनहरु जस्तो अवलोकन, श्रेणीमापन आदिको निर्माण र सञ्चालनमा एकरुपता कायमगर्न विद्यालय निरीक्षक र स्रोतव्यक्तिले वार्षिक रुपमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । प्राथमिक तह उत्तीर्ण परीक्षा अन्तर्गत कक्षा ५ को अन्तिम परीक्षा स्रोतकेन्द्र स्तरीय हुने, प्रश्नपत्र निर्माण देखि परीक्षण सम्मको कार्य स्रोतकेन्द्रले नियुक्तीगरेका विषयगत रोष्टरबाट हुनेगरेको पाइयो । प्राथमिक तह अन्तर्गत (१-५) सम्म लागू गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम कार्यान्वयन

गर्न प्रत्येक शैक्षिक वर्षको सुरुमा सम्पूर्ण प्राथमिक शिक्षकहरुका लागि स्रोतकेन्द्रमा दुईदिवसीय गोष्ठि सञ्चालन हुनेगरेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा विद्यार्थीहरुले हासिल गर्नुपर्ने विभिन्न उपलब्धीहरुको मापन गर्न आवश्यकपर्ने स्केलहरुको निर्माण समेत स्रोतकेन्द्र मार्फत हुनेगरेको पाइयो ।

विद्यालयमा परीक्षा सञ्चालनमा शैक्षिक सुपरिवेक्षणले के कसरी मद्धत गरेको छ भनी स्रोतव्यक्ति, प्रधानाध्यापक तथा शिक्षकबाट निम्नानुसार जानकारीहरु प्राप्त गरिएको छ । प्राप्त जानाकारीलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका नं.-२**

विद्यार्थी मुल्याङ्कन प्रणालीमा शैक्षिक सुपरीपेक्षणको प्रभाव

| **क.सं.** | **जानकारी प्रदानगर्ने व्यक्तिहरु** | **प्राप्त जानकारीहरु** |
|---|---|---|
| १ | स्रोतव्यक्ति | विशिष्टिकरण तालिका, परीक्षण योजना, परीक्षा सञ्चालन र परीक्षण सम्बन्धि गोष्ठि तथा छलफल कार्यक्रमको आयोजना, स्रोतकेन्द्र स्तरीय परीक्षाको प्रश्नपत्र निर्माण र परीक्षणको व्यवस्था, निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि सबै शिक्षकहरुको लागि गोष्ठि र छलफल । |
| २ | प्रधानाध्यापक | परीक्षा सम्बन्धि कार्यक्रम निर्माण, उद्देश्य अनुरुप मापनीय प्रश्नपत्र निर्माण गर्न, शैक्षिणिक मूलयङ्कनका अमापनीय साधानहरु ( अवलोकन, श्रेणीमापन) आदिको प्रभावकारी कार्यान्वयन गर्न |
| ३ | शिक्षक | प्रश्पत्र निर्माण गर्न र निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम कार्यन्वयन गर्न । |

(स्रोत: स्थलगत अध्ययन २०६९)

**विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धि**

विद्यार्थीहरुको सिकाइ उपलब्धि अन्तर्गत विषयगत शैक्षिक उपलब्धी वृद्धिमा शैक्षिक सुपरिवेक्षणको के कस्तो प्रभाव पारेको छ भनि विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीहरुबाट प्राप्त सूचनाहरु विश्लेषण गर्दा निम्नानुसार पाइयो ।

नमूना छनौटा परेका विद्यालय निरीक्षक तथा स्रोतव्यक्ति अनुसार वर्तमान शैक्षिक सुपरिवेक्षण प्रणालीले विद्यार्थी केन्द्रित शिक्षण सिकाइमा जोडदिएको, शिक्षकहरुलाई पेशागत विकास तालिमको माध्यमबाट कार्यमूलक अनुसन्धान घटना अध्ययन तथा परियोजना कार्य जस्ता सिकाई प्रविधिहरुको कक्षाकोठामा कार्यान्वयन गर्ने सीपको विकास गराएकोले यसले विद्यार्थीहरुको उपलब्धी वृद्धिमा मदत गरेको छ ।

नमूना छनौटमा परेका प्रधानाध्यापकहरुमध्ये २ जनाले जि.शि.अ. विद्यालय निरीक्षक, स्रोतव्यक्ति आदिले समयसमयमा गर्ने कक्षा अवलोकन, परामर्श सभा जस्ता कार्यक्रमहरुले सिकाइ उपलब्धी वृद्धिमा मदत पुगेको बताए छ । त्यसैगरी शैक्षणिक योजना निर्माण, तालिम कार्यशालामा सहभागीता जस्ता पक्षहरुले उपलब्धीमा प्रभाव पारेको छ । बाँकी ३ जना प्रधानाध्यापकको रायभने फरक पाइयो । उहाँहरुको विचारमा शैक्षिक सुपरिवेक्षण एउटा सैद्धान्तिक पक्षमात्र भएकोले यसले व्यवहार परिवर्तनमा कुनैपनि मद्धत गरेको छैन भनी बताए । त्यसैगरी शिक्षकहरु मध्ये ६ जना शिक्षकहरुका विचारमा आधुनिक शैक्षिक सुपरिवेक्षण प्रणालीले विषयगत समस्याहरुको समाधान देखि प्रश्नपत्र निर्माण र विद्यार्थी मूल्याङ्कन सम्म प्रत्यक्षरुपले शिक्षक विद्यार्थीहरुलाई सहयोग गर्ने भएकोले यसले सिकाइ उपलब्धी वृद्धिगर्न मद्धत पुऱ्याएको छ भनी धारणा व्यक्त गरे । बाँकी ४ जना शिक्षकहरुको विचारमा सुपरिवेक्षकको दायित्व पाएका व्यक्तिहरुमा नै सुपरिवेक्षण सम्बन्धि ज्ञान र सीपको अभाव रहेको, तालिम कार्यशाला र गोष्ठिमा सहभागी हुनपनि शक्ति र पहुँचको आवश्यकता पर्ने भएकोले विद्यार्थीहरुको सिकाइ उपलब्धी वृद्धिमा यसले खासै प्रभाव पार्न सकेको छैन भन्ने विचार व्यक्त गरे ।

नमूना छनौटमा परेका विद्यार्थीहरु मध्ये १० जना विद्यार्थीहरुले शैक्षिक सुपरिवेक्षणकैबारे बुझ्केको पाइएन । बाँकी १० जनाले कक्षा अवलोकनको समयमा मात्र शिक्षकहरुले योजनाबद्ध ढंगले शिक्षण गर्ने गरेको तर बाँकी समयमा भने परम्परागत विधिबाटै शिक्षण हुने, समूह कार्य, परियोजना कार्य जस्ता विधिहरु हालसम्म पनि प्रयोग हुन नसकेकोले चाहेअनुसार विषयगत ज्ञान तथा सीप प्राप्त हुननसकेको धारणा व्यक्त गरे ।

**शिक्षण सिकाई क्रियाकलाप संचालन**

विद्यार्थीहरुको शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सुपरीपुक्षणकले के कस्तो प्रभाव पारेको छ भनी विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरुबाट प्राप्त सूचनाहरुलाई निम्न अुनसार विश्लेषण गरिएको छ ।

पाठका उद्देश्यहरु हासिल गर्न गराउन शिक्षण सिकाई क्रियाकलापले मद्धत गर्दछ । उद्देश्य अनुरुपकै शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नुपर्दछ । विद्यालयमा निर्माण गरिने वार्षिक शैक्षणिक योजना, एकाई योजना र दैनिक पाठ योजना निर्माणा जस्ता कार्यहरुमा विद्यालय निरीक्षकले प्राविधिक सेवा उपलब्ध गराउने गरेको पाइयो । नमूना छनौटमा परेका निरीक्षक, स्रोतव्यक्तिका अनुसार कक्षा अवलोकन गर्दा शिक्षकले सुक्ष्म पाठयोजना सहित शिक्षण गर्ने गरेको बताए ।

छनौटमा परेका प्र.अ. मध्ये ३ जनाले जि.शि.अ. विद्यालय निरीक्षक, स्रोतव्यक्ति आदिले समय समयमा गर्ने कक्षा अवलोकन, परामर्श सभा जस्ता कार्यक्रमहरुले शिक्षण सिकाई क्रियाकलापमा मद्धत पुगेको धारणा व्यक्त गरे । शैक्षणिक योजना निर्माण, शिक्षण सूधार योजना र तालिमले शैक्षणिक क्रियाकलापमा सकारात्मक प्रभावपारेको पाइयो । बाँकी २ जना प्रधानाध्यापकको राय भने फरक पाइयो । वाहाँहरुको विचारमा शैक्षिक सुपरीवेक्षण एउटा सैद्धान्तीक पक्षमात्र भएकोले यसले विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा खासै प्रभाव पार्न सकेको छैन् । सुपरिवेक्षकहरु केवल भौतिक पक्षको मात्र निरीक्षण गर्न आउने भएकोले कक्षा कोठा शिक्षणमा खासै प्रभावकारीता आउन नसकेको हो ।

नमूना छनौटमा परेका ५ जना शिक्षकहरुले समय समयमा सञ्चालन हुने तालिम, गोष्ठी, छलफल र अन्तरक्रिया कार्यक्रमले शिक्षण सिकाई कृयाकलाप सञ्चालन गर्न मद्धत पुगेको राय व्यक्त गरे । बाँकी ५ जनाले स्रोतकेन्द्रमा हुने पेशागत तालिम औपचारीक र सैद्धान्तीक मात्र भएको, तालिममा सिकेका कुराहरु कार्यक्षेत्रमा प्रयोग शिक्षकले गरे वा गरेनन् भनी नियमित अनुगमन नहुने भएकोले सुपरिवेक्षण प्रणालीबाट शिक्षण सिकाईमा खासै प्रभावकारीता आउन नसकेको विचार व्यक्त गरे ।

नमूना छनौटमा परेका १३ जना विद्यार्थीहरुले शिक्षकले पढाउँदा शैक्षिक सामग्रीहरुको प्रयोग गरेको, विद्यार्थीहरुको समूह बनाई परियोजनाकार्य, समुह कार्य, छलफल, प्रश्नोत्तर, साथै विषयवस्तु विद्यार्थीले बुझे नबुझेको कुराको परीक्षण समेत शिक्षकले गर्नेगरेको बताए । बाँकी ७ जानाले भने कक्षा अवलोक  हुँदा मात्र शिक्षकले प्रभावकारी रुपमा शिक्षण सिकाई क्रियाकलाप गर्ने गरेको, विद्यार्थीको समूह बनाएको, विद्यार्थीलाई वढी सक्रिय पारी शिक्षण गरेको शैक्षिक सामग्रीको प्रर्दशन गरेको तर  कक्षा अवलोकन नहुँदा पढाउनमा व्याख्यान विधि मात्र प्रयोग गरेको धारणा व्यक्त गरे ।

**शिक्षक विद्यार्थीको नियमितता**

सामुदायिक विद्यालयमा शिक्षण सिकाईका प्रमुख दुईवटा मुख्य तत्वहरु शिक्षक र विद्यार्थीहरु हुन् । शिक्षक र विद्यार्थीको नियमित उपस्थितिले विद्यालयको शैक्षिक उपलब्धि समेत निधारण गर्ने भएकोले शैक्षिक सुपरिवेक्षण प्रणालीले शिक्षक विद्यार्थीहरुको नियमिततामा के कस्तो प्रभाव पारेको छ भनी अनुसन्धानको क्रममा प्राप्त तथ्य, सुचना तथा जानकारीहरुलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाई क्रियाकलापहरु पूर्व निधारीत शैक्षणिक योजनाअनुसार सञ्चालन हुने र समयमानै विषय वस्तुको शिक्षण गरिसक्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्नुपर्ने र स्रोतव्यक्ति मार्फत विद्यालयको नियमित अनुगमन हुने भएकोले शिक्षकहरुको नियमिततामा वृद्धि भएको देखिन्छ । अनुसन्धानमा सम्लग्न शिक्षकहरु मध्ये ८ जना शिक्षकहरुले माथिको भनाई प्रति सहमती व्यक्त गरे बाँकी २ जना ले स्विकृति तथा अस्विकृति केही पनि सोधेनन् । विद्यार्थीहरु मध्ये १५ जनाले शिक्षकहरुको नियमितता बढेको कुरालाई स्विकार गरे बाँकी ५ जनाले शिक्षकहरुको नियमित उपस्थिति बढेपनि कक्षा शिक्षणमा खासै समय नदिएको विचार व्यक्त गरे ।

विद्यार्थी नियमितता सम्बन्धमा राखिएको प्रश्नमा सम्पूण प्रधानाध्यापक, शिक्षक, विद्यालय निरीक्षक र स्रोतव्यक्तिले प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागुभएको र यस मूल्याङ्कन प्रणालीमा विद्यार्थीको उपस्थितिलाई समेत मूल्याङ्कनको सुचकको रुपमा राखिएकोले उनीहरुको नियमितता वृद्धि भएको धारण व्यक्त गरे । विद्यालयमा बालमैत्री सिकाई वातावरण

श्रृजना भएको शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थीहरुलाई छात्रवृत्ति, पाठ्यपुस्तक, झोला जस्ता शैक्षिक सुविधा समेत उपलब्ध हुने भएकोले उनीहरुको नियमिततामा वृद्धि भएको स्रोतव्यक्ति तथा निरीक्षकको राय पाइयो ।

सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइमा शैक्षिक सुपरिवेक्षणले के कसरी मदत पुगेको छ भनि विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक तथा विद्यार्थीहरुबाट प्राप्त सूचना तथा जानकारीहरुको विश्लेषणबाट यस अध्ययन अनुसन्धानमा विभिन्न तथ्यपरक जानकारीहरु प्राप्त भएकाछन् । शिक्षण सिकाई अन्तर्गत शैक्षिक योजना निर्माण, परीक्षा सञ्चालन र मूल्याङ्कन तथा विद्यार्थीहरुको शैक्षिक उपलब्धी र शिक्षण सिकाई कृयाकलापमा सञ्चालनमा शैक्षिक सुपरिवेक्षणको प्रभाव जस्ता पक्षहरुमा प्राप्त भएका मूख्य जानकारीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

विद्यालयमा निर्माण गरिने विद्यालय सुधार योजना, वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना निर्माणमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति र प्रधानाध्यापकले सहजीकरण गर्ने गरेको पाइयो । पेशागत विकास तालिममा संलग्न शिक्षकहरुले शिक्षण सुधार योजना अन्तर्गत ६ महिनाको लागि लक्ष्य निर्धारण गरेपनि लक्ष्य प्राप्तीका लागि गरिनुपर्ने क्रियाकलापहरु भने नगरेको पाइयो । विद्यालयहरुमा भौतिक स्रोतसाधनहरुको व्यवस्थापन र परिचालनमा समेत स्रोतकेन्द्रले निर्देशन दिनेगरेको पाइयो । सामुदायिक विद्यालयहरुमा एकै प्रकारको परीक्षा प्रणाली लागूगर्न स्रोतकेन्द्रले स्रोतकेन्द्र स्तरीय योजना निर्माण गरेको पाइयो । परीक्षा प्रणालीमा सुधार गर्ने उद्देश्यले स्रोतकेन्द्रमा विशिष्टीकरण तालिका निर्माण तथा प्रश्नपत्र निर्माण सम्बन्धि गोष्ठि तथा तालिमहरु सञ्चलन हुनेगरेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अन्तर्गत परीक्षण निर्माण, विद्यार्थी अभिलेखिकरण र विष्लेशिकरण सम्बन्धि गोष्ठि बार्षिक रुपमा सञ्चालन हुनेगरेको पाइयो ।

प्राथमिक तह अन्तर्गत कक्षा ५ को अन्तिम परीक्षा स्रोतकेन्द्र स्तरीय सञ्चालन हुनेगरेको र यसको कार्यान्वयनको लागि प्रश्नपत्र निर्माण, परीक्षण र परिमाणमा विश्लेषण गर्न स्रोतकेन्द्र स्तरीय रोष्टरहरुको समेत व्यवस्था गरेको पाइयो । विद्यार्थीहरुको शैक्षिक उपलब्धी वृद्धि गर्ने उद्देश्यले आधुनिक शैक्षिक प्रविधिहरु समूहकार्य, परियोजना कार्य र कार्यमूलक अनुसन्धानलाई कक्षा कोठा भित्र पुऱ्याउने प्रयास गरिएको देखिए पनि सफल कार्यान्वयन भने भएको पाइएन । विशेषगरेर

अंग्रेजी, गणित र विज्ञान जस्ता विषयहरुमा विद्यार्थीहरुको शैक्षिक उपलब्धी वृद्धि गर्ने उदेश्यले विषयगत तालिमको व्यवस्था समेत भएको पाइयो । समग्रमा हेर्दा विद्यार्थीहरुको सिकाई उपलब्धीमा वृद्धिगर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको निरन्तर विद्यार्थी मूल्याङ्कन क्षेत्र भ्रमण, कक्षा कोठा अन्तरक्रिया जस्ता पक्षहरु अझैपनि प्रभावकारी ढंगले कार्यान्वयन हुन सकेको पाइएन । शैक्षिक सुपरिवेक्षण अन्तर्रगत पाठ योजना निर्माण, समुह कार्य, परियोजना कार्य, छलफल विधि जस्ता आधुनिक प्रविधिहरुको प्रयोग भएकोले यसबाट शिक्षण सिकाई कृयाकलापमा प्रभावकारीता आएको पाइयो । प्रायजसो शिक्षकहरुले कक्षाकोठा सुपरिवेक्षणको समयमा मात्र प्रभावकारी ढंगले शिक्षण गर्ने गरेको तर बाँकी समयमा भने परम्परागत ढंगबाट नै शिक्षण सिकाई क्रियाकलाप अगाढी बढाउने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली स्रोतस्तरीय परीक्षा बालमैत्री शिक्षण वातावरणले गर्दा शिक्षक विद्यार्थीहरुको नियमिततामा समेत वृद्धि भएको पाइयो ।

यस अधययनमा उपयोग गरिएको जर्ज इल्टन मायो (१८८०-१९४९) र मेरी पार्कर फोलेट (१८९८-१९३३) ले प्रतिवादन गरेको मानव सम्बन्ध सिद्धान्तले संगठनमा कामगर्ने कामदारहरु संग प्रभावकारी मानव सम्बन्ध कायम हुन सकेमा संगठनको लक्ष्य पूराहुने तथ्य अघि सार्दछ । विशेषगरेर संगठनमा काम गर्ने ब्यक्तिहरु वीच प्रभावकारी सम्बन्ध स्थापनाको माध्यमबाट मात्र संगठनमा मानव सम्बन्धको विस्तार हुन्छ । यस अध्ययनमा विश्लेषण गरिएको सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षणको खोजि गर्नु उपशीर्षक अन्तर्गत प्राप्त तथ्यहरुको विश्लेषणबाट सुपरिवेक्षणहरुले शिक्षक तथा विद्यार्थीहरुलाई नियमित परामर्श प्रदान गर्ने पुरस्कार र दण्डको माध्यमबाट उत्प्रेरणा प्रदान गर्ने, उनीहरुको कार्यमा समन्वय गर्ने जस्ता कार्यहरु गर्ने गरेकोले यो विश्लेषण मानव सम्बन्ध सिद्धान्तसंग मिल्दो देखिन्छ ।

## शैक्षिक सुपरिवेक्षण प्रणालीको प्रभावकारिताको लेखाजोख

शैक्षिक सुपरिवेक्षण प्रणालीले न्यून लागतमा उच्च शैक्षिक प्रतिफल हासिल गर्न के कसरी सहयोग पुऱ्याएको छ भन्ने विषयमा नमूना छनौटमा परेका ब्यक्तिहरुले ब्यक्तगर्नु भएका तथ्यहरुलाई यस उपशीर्षकमा विश्लेषण गरिएको छ ।

## स्रोत परिचालन गर्न

शैक्षिक सुपरिवेक्षण प्रणली अन्तर्गत विद्यालयहरुमा उपलब्ध हुने भौतिक स्रोत साधनहरुको प्रभावकारी ढंगले कार्यन्वयन गर्ने, कार्यक्रमको नियमित अनुगमन गर्ने र मूलयाङ्कन गर्ने सम्मको जिम्मेवारी सुपरिवेक्षकहरुमा रहेको हुन्छ । स्रोत परिचालनमा शैक्षिक सुपरिवेक्षकहरुले कसरी प्रभावकारिता कायम गरेकाछन् भन्ने प्रश्नमा नमूना छनौटमा परेका शिक्षकहरु मध्ये ६ जना (६० प्रतिशत) ले विद्यालयमा उपलब्ध हुने अनुदान रकम ठिक ढंगले प्रयोग गरिएको छ कि छैन भनि नियमित अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित क्षेत्रको स्रोतव्यक्तिलाई दिइने भएकोले स्रोत परिचालनमा उच्च प्रभावकारिता कायम हुने गरेको विचार ब्यक्त गरे । अन्य ४ जना (४० प्रतिशत) शिक्षकहरुले यस विषयमा आफूलाइ कुनै जानकारी नभएको विचार ब्यक्त गरे । नमूना छनौटमा परेका अधिकांश प्रधानाध्यापकहरुले स्रातेकेन्द्रले निर्धारण गरेको प्राथमिकताक्रमका आधारमा विद्यालयहरुमा अनुदान प्राप्त हुने र कार्यक्रम कार्यान्वयनको क्रममा समेत स्रोत केन्द्रले नियमित अनुगमन, तथा निरीक्षण गर्ने भएकोले न्यूनतम लागतवाट अधिकतम प्रतिफल प्राप्त हुने ढंगले स्रोतको परिचालन हुने गरेको विचार ब्यक्त गरे ।

नमूना छनौटमा परेका स्रोतब्यक्ति तथा विद्यालय निरीक्षकलाई तपाइहरुले स्रोत परिचालनमा प्रभावकारिता कायम गर्न के कस्तो कार्य गर्दै आउनु भएको छ भन्ने प्रश्नमा दुवै स्रोतब्यक्ति तथा विद्यालय निरीक्षकले आफूहरुले अनियमितता देखेमा सम्बन्धित प्र.अ. तथा विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरुलाई स्पष्ठिकरण लिने गरेको, विद्यालयको स्रोत ब्यवस्थामनमा प्रभावकारिता कायम गर्न नसक्ने विद्यालयहरुको अनुदान रोक्का गर्ने गरेको विचार ब्यक्त गरे ।

## शिक्षणमा सुधार

सामुदायिक विद्यालयहरुको शिक्षण सिकाई कार्यक्रममा प्रभावकारिता हासिल गरी अपेक्षित शैक्षिक प्रतिफल हासिल गर्न सम्वन्धित विद्यालयका शिक्षक, प्रधानाध्यापक, विद्यालय ब्यवस्थापन समितिका पदाधिकारी तथा स्रोतब्यक्ति र विद्यालय निरीक्षकको महत्वपूर्ण जिम्मेवारी रहेको हुन्छ । न्यून शैक्षिक लागतवाट अधिकतम शैक्षिक प्रतिफल हासिल गराउन शैक्षिक सुपरिवेक्षणले कसरी सहयोग पूऱ्याएको छ भन्ने प्रश्नमा नियमित कक्षा अवलोकन, परामर्श सभा सञ्चालन, नियमित तालिम तथा गोष्ठिको सञ्चालन, विद्यार्थी उत्प्रेरणका लागि निःशुल्क पाठ्यपुस्तक तथा छात्रवृत्तिको वितरण, आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग, नियमित परीक्षाफलको विश्लेषण जस्ता शिक्षणसंग सम्बन्धित क्षेत्रहरुमा सुपरिवेक्षकहरुले सहजीकरण गर्ने भएकोले समुदायिक विद्यालयहरुको शिक्षण सुधारमा प्रभावकारिता देखिएको हो ।

## शैक्षिक नीति निर्माण र कार्यान्वयन

शैक्षिक नीति तथा कार्यक्रमहरुको निर्माण र यसको प्रभावकारी कार्यान्वयनमा शैक्षिक सुपरिवेक्षकहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षा ऐन तथा नियमावलीको आधारमा तयार पारिने विद्यालयहरुको विनियम, विद्यालय कर्मचारी ब्यवस्थापन सम्बन्धी विनियम, विद्यालय सुधार

योजना, वार्षिक शैक्षणिक योजना लगायत अन्य योजना निर्माण र त्यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सुपरिवेक्षकहरुले कसरी सहयोग गरिरहेका छन् भन्ने प्रश्नका आधारमा विभिन्न स्रोतहरुवाट संकलन गरिएका तथ्य तथा जानकारीहरुको विश्लेषणबाट प्राप्त तथ्यलाइ निम्नाअनुसार उल्लेख गरिएको छ ।

नमूना छनौटमा परेका २० जना विद्यार्थीहरु मध्ये १२ जना (६० प्रतिशतले) सुपरिवेक्षकहरुले नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा विद्यालयलाई सहयोग गर्ने धारणा ब्यक्त गरे । अन्य ८ जना (४०प्रतिशत) विद्यार्थीहरुले यस सम्बन्धमा आफूलाई कुनै जानकारी नभएको विचार ब्यक्त गरे ।

नमूना छनौटमा परेका अधिकांश शिक्षक तथा प्रधानाध्यापकहरुले विभिन्न शैक्षिक नीति तथा कार्यक्रमहरुको निर्माण र कार्यान्वयनमा स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुले सहजिकरण गर्ने, समय समयमा परामर्श प्रदान गर्ने, ब्यक्तिगत तथा सामुहिक रुपमा निर्देशनहरु प्रदान गर्ने गरेको विचार ब्यक्त गरे । नमूना छनौटमा परेका स्रोतब्यक्ति तथा विद्यालय निरीक्षकहरुको विचारमा विद्यालयले विभिन्न शैक्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नु भन्दा अगाडी स्रोतकेन्द्र मार्फत सहजीकरण प्रदान गरिने तथा विभिन्न विद्यालयहरु वीच अनुभव आदान प्रदानको अवसर समेत प्रदान गर्ने गरेको पाइयो । नीति तथा कार्यक्रम कार्यान्वयनमा कुनै किसिममा चुनौतीहरु देखापरेमा त्यसलाई सहजीकरण गर्ने कार्य समेत स्रोतकेन्द्रले गर्ने गरेको पाइयो ।

**विद्यालय समुदाय सम्बन्ध**

सामुदायिक विद्यालयहरुको भौतिक, आर्थिक तथा शैक्षिक विकासमा समुदायको महत्वपूर्ण भूमिका रहने गर्दछ । वर्तमान शैक्षिक सुपरिवेक्षण प्रणाली अन्तर्गत सुपरिवेक्षकको जिम्मेवारी प्रदान गरिएका विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु समुदायवाट नै मनोनित हुने र उनीहरु समुदाय प्रति उत्तरदायी हुने गरेको पाइयो । त्यसैगरी विद्यालय ब्यवस्थापन समिति गठनको उद्देश्यले वोलाइएको अभिभावक भेलाको सहजीकरण गर्ने जिम्मेवारी विद्यालय निरीक्षक तथा स्रोत ब्यक्तिहरुलाई दिइएको पाइयो ।

माथि उल्लेखित जिम्मेवारीहरु वाहेक विद्यालय समुदाय वीचको सम्बन्धलाई सहजीकरण गर्न विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई नेतृत्व विकास सम्बन्धि तालिम प्रदान गर्ने, विद्यालयको लेखा व्यवस्थापन सम्बन्धी तालिममा वि.व्य.स. र शि.अ.संघका पदाधिकारीहरुलाई सहभागि गराउने जिम्मेवारी स्रोतकेन्द्रले बहन गर्ने

गरेको पाइयो । गाउँ शिक्षा समितिको गठनमा सहजीकरण गर्ने तथा गाउँ शिक्षा समितिको बैठकलाई सहजीकरण गर्ने सम्मको जिम्मेवारी स्रोतकेन्द्रमा रहेको पाइयो ।

सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रणालीको प्रभावकारिता सम्बन्धमा विभिन्न तथ्यहरु प्राप्त भएका छन् । विशेषगरेर सामुदायिक विद्यालयहरुमा स्रोत परिचालन, शिक्षण सुधार, शैक्षिक नीति निर्माण तथा कार्यान्वयन र विद्यालय समुदाय सम्बन्ध जस्ता क्षेत्रहरुमा सुपरिवक्षक प्रणलीका प्रभावकारिता हेरिएको देखियो । सामुदायिक विद्यालयहरुमा स्रोत परिचालनमा प्रभावकारिता ल्याउन स्रोत व्यक्ति तथा विद्यालय नीरिक्षकहरुबाट नियमित अनुगमन गर्ने गरेको पाइयो । त्यसैगरी विद्यालयको शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन  सुपरिवेक्षकहरुले कक्षा अवलोकन गर्ने, शैक्षिक परामर्श प्रदान गर्ने गरेको पाइयो । त्यसैगरी शैक्षिक नीति निर्माण र यसको कार्यान्वयनमा प्रभावकारिता कायम गर्न नीति निर्माण तथा यसको कायर्नन्वयनमा विद्यालयहरुलाई सहजीकरा गर्ने, परामर्श प्रदान गर्ने, अनुभव आदान प्रदानको अवसर प्रदान गर्ने गरेको पाइयो । विद्यालय समूदाय समबन्धमा प्रभावकारिता ल्याउन सुपरिवेक्षकहरुले समुदाय प्रति उक्तरदायी हुने, अभिभावक भेलाको सहजीकरण गर्ने गरेको पाइयो ।

यस अनुसन्धानलाई अगाडी बढाउने क्रममा उपयोग गरिएको इल्टन मायो (१८८०-१९४९) र मेरी पार्कर फोलेट (१८६८-१९३३) को मानव सक्बन्ध सम्बन्धी सैद्धान्तिक खाकाले कुनै पनि कार्यलाई प्रभावकारी ढंगले सम्पन्न गर्न मानवीय व्यवहार अन्तर्गत उत्प्रेरणा, सहभागिता, नेतृत्व जस्ता पक्षहरुमा विशेष ध्यान दिनुपर्ने दृष्टिकोण राख्दछ । त्यसैगरी प्रो. डगलस म्याउ गेगर (१९०६-१९६४) को X र Y सिद्धान्तले मानवीय प्रवृत्तिको वारेमा विश्लेषण गर्दछ । शैक्षिक सुपरिवक्षण प्रणलीको प्रभावकारिता सम्बन्धमा गरिएको विश्लेषणवाट प्राप्त तथ्यलाई हेर्दा सामुदायिक विद्यालयहरुमा स्रोत परिचालन, शिक्षण सुधार, शैक्षिक नीति निर्माण र विद्यालय समुदाय सम्बन्धमा प्रभावकारिता हासिल गर्न शैक्षिक सुपरिवेक्षकहरुले तालिम, गोष्ठि, सामान्य, उत्प्रेरणा, मूल्याङ्कन जस्ता पक्षहरुमा विशेष जोड दिएको पाइन्छ । त्यसैले यो विश्लेषण प्रो. इल्टन मायो (१८६८-१९४९) र मेरी पार्कर फोलेट (१८६८-१९३३)को शैद्धान्तिक मान्यतासंग मिल्दो देखिन्छ । त्यसैगरी प्रो. डगलस म्याउ ग्रेगर (१९०६-१९६४)ले अगाडी सरेको Y सिद्धान्त संग सापेक्ष देखिन्छ ।

**वर्तमान विद्यालय सुपरिवेक्षण प्रणालीका समस्याहरु**

यस सोध अध्ययनको क्रममा वर्तमान विद्यालय सुपरिवेक्षण प्रणालीका समस्याहरु एवं कमि कम्जोरी सम्बन्धमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक एवं विद्यार्थीहरुबाट प्राप्त जानकारीहरुलाई निम्नानुसार उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

**आर्थिक सुविधाको अभाव**

विद्यालय सुपरिवेक्षकहरुले विद्यालय निरिक्षण एवं प्रशासनिक कार्य सम्पादनको क्रममा भोग्नुपरेको एक प्रमुख समस्याको रुपमा आर्थिक अभावलाई लिइन्छ । निरीक्षण कार्य फिल्ड कार्य भएकोले दैनिक भ्रमण भत्ताको आवश्यकता पर्दछ । फिल्ड्मा हिड्दा ट्रेकिङ्ग व्याग, टर्चलाइट, छाता जस्ता सामानहरुको आवश्यकता पर्दछ । तर हाम्रो मुलुकको सुपरिवेक्षण कार्यमा ज्यादै न्यून आर्थिक सुविधामात्र उपलब्ध गराइदै आइएकोले निरीक्षण कार्यले अपेक्षित गति लिन नसकेको हो भन्ने कुरा विद्यालय निरीक्षक र स्रोतव्यक्तिले बताए ।

**तालिमको अभाव**

तालिमले पेशागत विकासमा मदत गर्नुको साथै पेशागत विशेषज्ञता हासिल गर्न समेत महत्वपूर्ण भूमीका निर्वाह गर्दछ । पूर्व सेवाकालिन, सेवाकालिन, पुनर्ताजकी, विषयगत जस्ता तालिमहरुको अभाव हाम्रो सुपरिवेक्षण प्रणालीले खपिराखेको देखिन्छ । यसरी तालिमको अभावलेपनि सुपरिवेक्षण कार्य प्रभावकारी हुन नसकेको धारणा विद्यालय निरीक्षकले बताए ।

**प्रशासनिक कार्य बोझ**

विद्यालय सुपरिवेक्षकहरुलाई निरीक्षण कार्यको अलवा अन्य विविध कार्यहरुमा समेत संलग्न गराएको पाइन्छ । निरीक्षकहरुलाई पठनपाठन, परीक्षा संचालन, शैक्षिक तथ्याङ्क विश्लेषण, विद्यालय व्यवस्थापन समितिको बैठक जस्ता कुराहरुमा र विद्यालयको दैनिक प्रशासनिक कार्यमा समेत संलग्न हुनुपर्ने भएकोले सुपरिवेक्षण कार्यमा समय दिन नपाएको भन्ने कुरा नमूना छनौटमा परेका २ जना प्र.अ. र विद्यालय निरीक्षकले आफ्नो धारणा व्यक्त गरे ।

**पेशाप्रति प्रतिवद्धताको कमि**

सुपरिवेक्षण पेशालाई अन्य प्रशासनिक पेशाको तुलनामा अनाकर्षक पेशाको रुपमा लिइएको पाइन्छ । विशेषगरेर शिक्षकहरु आराम गर्ने उद्देश्यले स्रोतव्यक्ति हुन रुचाउँछन् । विद्यालय निरीक्षकहरु समेत शाखा अधिकृतको रुपमा कार्यालय मै बसेर काम गर्न चाहने वा शिक्षामन्त्रालय अन्तर्गतका अन्यपदहरुमा जान खोज्ने गरेको पाइन्छ । यसरी पेशाप्रति प्रतिवद्धताको कमिलाईपनि शैक्षिक सुपरिवेक्षण प्रणालीको समस्याको रुपमा लिइन्छ । अनुसन्धानको क्रममा नमूना छनौटमा परेका ८ जना शिक्षकले शैक्षिक सुपरिवेक्षण कार्य प्रभावकारी नहुनुमा निरीक्षक र स्रोतव्यक्तिमा आफ्नो पेशा प्रति प्रतिवद्धताको र जिम्मेवारीको बोधको कमी भएको वताए ।

### विषयगत दक्ष्यताको अभाव

सुपरिवेक्षण एउटा प्राविधिक पेशा हो । जवसम्म पेशामा पेशाकर्मि दक्ष्य, योग्य र आवश्यकतालाई परिपूर्ति गर्न सक्षम हुँदैन तवसम्म यस्ता पेशाकर्मिको कुनै स्थान रहँदैन । वर्तमान अवस्थामा विद्यालय सुपरिवेक्षकहरु विषयगत रुपमा नियुक्त गरिएका छैनन् । सामान्यतया शिक्षा शास्त्रमा स्नातक व्यक्ति विद्यालय सुपरिवेक्षकको लागि योग्य हुन्छ ।

विषयगत रुपमा सुपरिवेक्षक नियुक्तीको परिपाटी नरहेकोले कक्षा अवलोकन, पाठयोजना निर्माण नमूना शिक्षणको प्रस्तुती जस्ता क्षेत्रहरुमा यस्ता सुपरिवेक्षकहरु दक्ष्य नहुने भएकोले उनीहरुबाट शिक्षक तथा विद्यालयले खासै सहयोग प्राप्त गर्न सकेको पाइदैन । जवसम्म आवश्यता अनुसार विषयगत रुपमा दक्ष्य, योग्य सुपरिवेक्षकहरुको नियुक्त हुँदैन् तवसम्म सुपरिवेक्षण प्रणालीको प्रभावकारीताको समेत परिकल्पना गर्न सकिदैन । प्रश्नावलीमा विशेष गरी अनुभव र योग्यतामा प्रश्न उठाउने ७ जन शिक्षकहरु रहेका छन् । जस अुनसार विषयगत दक्षताको कमिको कारणले शैक्षिक सुपरीवेक्षण कार्य उपयुक्त ढंगबाट हुन नसकेको विचार व्यक्त भएको छ ।

### अनुगमन मूल्याङ्कको अभाव

हरेक पेशाकर्मिले आफ्नो कामको प्रशंसाको कामना गर्दछ । राम्रो काम गरेवापत पुरस्कारको अभिलाषा राख्दछ । व्यक्तिले कामको मूल्याङ्कन नभएको वा नहुने परिवेशमा कामप्रति जाँगर राख्दैन । व्यक्तिलाई कामप्रति बारम्बार उत्प्रेरित गरिनुपर्दछ । यसको लागि उनीहरुको कार्यको निरन्तर मूल्याङ्कन भइरहनु पर्दछ । निरन्तर अनुगमन र मूल्याङ्कनको माध्यमबाट कार्यप्रति उनीहरुको सन्तुष्टिको स्तर पहिचान गर्नुको साथै असन्तुष्टिलाई समेत हटाउन सकिन्छ । वर्तमान अवस्थामा विद्यालय सुपरिवेक्षकहरु नियुक्तीगरी तलब भत्ता भुक्तानी गर्ने काम बाहेक केही भएको छैन । यसरी निरन्तर अनुगमन र मूल्याङ्कनको अभावमा पनि शैक्षिक सुपरिवेक्षकहरुले प्रभावकारी रुपमा जिम्मेवारी वहन गर्ने गरेको पाइदैन । यो शोध अध्ययनमा प्रश्नावलीको माध्यमबाट सोधिएको प्रश्नहरुको जवाफमा एक जना निरीक्षक, १५ जना शिक्षकले अनुगमन मूल्याङ्कनको अभावको कारणले गर्दा शैक्षिक सुपरीवेक्षण कार्य सन्तोषजनक रुपमा सम्पन्न हुन नसकेको धारणा व्यक्त गरे ।

**निरीक्षण प्रतिवेदनको कार्यान्वयन नहुनु**

विद्यालय निरीक्षकद्वारा कार्यसम्पादन पछि सम्वन्धित निकायमा पेशागरीएका शिक्षक तालिम, शैक्षिक सामग्री, उपयुक्त कक्षा कोठाको व्यवस्था गर्नुपर्ने, वि.व्य.स. लाई दिइएको सुझावहरु जि.शि.अ. लाई दिएको सुझावहरु, बालमैत्री विद्यालय जस्ता प्रतिवेदनहरु कार्यान्वयन नभएको खण्डमा त्यस्तो निरीक्षण सुझावको कुनै अर्थ रहँदैन त्यसकाण निरीक्षण प्रतिवेदनको कार्यान्वयन हुन नसक्नुको कारणले प्रभावरकारी रुपमा सुपरिवेक्षण कार्य अगाडि बढ्न नसकेको हो । निरीक्षण प्रतिवेदन कार्यन्वयन हुन नसक्दा सुपरीवेक्षण कार्य प्रभावकारी हुन नसकेको विद्यालय निरीक्षण र स्रोत व्यक्तिले बताए ।

**विषयगत रुपमा निरीक्षक नियुक्ति नहुनु**

वर्तमान अवस्थामा विद्यालय सुपरीवेक्षकहरु निरीक्षक पद, विषयगत रुपमा नियुक्ति गरिएका छैनन् धेरैजसो सामाजिक समूहका विद्याललय निरीक्षकहरु छन् । विद्यालय निरीक्षकलाई पाठ्यक्रम कार्यान्वयन तालिम पनि आवश्यक मात्रामा दिइएको पाइएको छैन । यसले गर्दा निरीक्षक विद्यालयमा जान उत्साहित भएको पाइन्दैन । विद्यालयले पनि निरीक्षकबाट शैक्षिक सहयोग, शिक्षण सिकाई क्रियाकलाप, शैक्षिक योजना निर्माणमा सहयोगको आशापनि राखेका हुँदैन । प्रश्नावलीमा सम्बद्ध व्यक्तिहरुको आ-आफ्नै विचार व्यक्त गरेका छन् । विद्यालय निरीक्षक, स्रोतव्यक्ति र ५ जना प्र.अ., १८ जना शिक्षकले विषय गत निरीक्षक नै नियुक्ति हुनुपर्ने विचार राखेका छन् ।

**शैक्षिक वातावरणको अभाव**

प्रभावकारी रुपमा र्कासम्पन्न गर्नको लागि उपयुक्त शैक्षिक वातावरणको आवश्यकता पर्दछ । सामुदायिक विद्यालय सुपरीवेक्षणका लागि सुपरीवेक्षकका लागी तालिम, पाठ्यक्रम, शि.नि. शैक्षिक सामग्री, पुस्तकालय, अध्ययन कक्ष, सवारीसाधन, आवश्यक फारमहरु, सहयोगी कर्मचारी आवश्यक पर्छ । सुपरीवेक्षकले दिएको सुझाव रायहरु, सिफारिस, सम्बन्धित विद्यालय, (वि.व्य.स., प्र.अ. शिक्षक) जि.शि.अ. ले आवश्यक अनुसार कार्यान्वयन गरिदिनु पर्छ । विद्यालयमा गएर काम गर्ने वातावरण नहुनु । शिक्षक र सुपरीवेक्षक विच समन्वयको अभाव हुन । आस्थाको आधारमा विभेद गरीनु आदि कारणले गर्दा सुपरीवेक्षकहरुले (वि.नि., स्रोतव्यक्ति) प्रभावकारी रुपमा कार्य गर्न नसकेको कुरा विद्यालय निरीक्षक, स्रोतव्यक्ति र प्र.अ. ५ जना र १८ जना शिक्षकहरुले आफ्नो विचार व्यक्त गरे ।

**दण्ड र पुरस्कारको व्यवस्था नहुनु**

राम्रो कामको लागि पुरस्कार र नराम्रो कामको लागि दण्डको भागीदार बन्न सबै रुचाउँछन् । यो प्रकृतिक न्यायको सिद्धान्त पनि हो । वर्तमान सुपरीवेक्षण पद्धतीमा दण्ड र पुरस्कारको व्यवस्था नहुनाको कारणले मेहनत गर्ने सुपरीवेक्षक र काममा ध्यान नदिने सुपरीवेक्षकको लागि समान रुपमा हेरीनुले काम प्रति उत्प्रेरित नभएको देखिन्छ । विद्यालयको निरीक्षण गरेपनि नगरे पनि माथिल्लो निकायबाट चासो दिएको छैन । यसले गर्दा राम्रो काम र नराम्रो कामको मूल्याङ्कन नगरीनुले सुपरीवेक्षण कार्य एक समस्याको रुपमा रहेको कुरा नमूना छनौटमा परेका एक निरीक्षक, एक स्रोतव्यूक्ति, ३ प्र.अ. र १९ जना शिक्षकहरुले प्रश्नावली मार्फत व्यक्त गरेका छन् ।

**दक्ष र विज्ञ व्यक्तिहरु निरीक्षण पेशाप्रति आकर्षित नहुनु**

वर्तमान अवस्थामा शिक्षा सेवा अन्तर्गत विद्यालय निरीक्षकहरु छनौटभई आफ्नो कार्य क्षेत्रमा खटिएका हुन्छन् । दक्ष, योग्य र सीप भएका अवल दर्जाका व्यक्तिहरु लोकसेवा आयोग द्वारा सामान्य प्रशासन क्षेत्र अन्तर्गत छनौटभई जान रुचाउने हुन्छन् । उनीहरुको सान, मर्यादा र इज्जत पनि बढीनै हुन्छ । सुविधापनि बढीनै हुन्छ । त्यसैले शिक्षासेवा भन्दा प्रशासन तर्फ बढी आकर्षित भई योग्य दक्ष विज्ञ र सीप भएका व्यक्तिहरु शिक्षा क्षेत्रमा भन्दा अन्य क्षेत्रमा लाग्ने कुरा नमूना छनौटमा परेका प्र.अ. र शिक्षकले बताए ।

नेपालको शैक्षिक सुपरिवेक्षण प्रणालीमा विभिन्न समस्याहरु रहेको देखिन्छ । मुख्य गरेर पर्याप्त स्रोतसाधनहरु अभाव रहनु, तालिमको अभाव जस्ता तत्वहरु विध्यमान शैक्षिक सुपरिवेक्षणमा रहनुले यसले प्रभावकारी रुपमा उद्देश्य मूलक ढंगले कार्य गर्न नसकेको हो । माथि उल्लेखित तत्वहरु बाहेक शैक्षिक सुपरिवेक्षकहरुको अधिकांश समय प्रशासनिक कार्यमा खर्चहुने गरेको, शैक्षिक सुपरिवेक्षकहरुले आफ्नो पदलाई आरामगर्ने पदको रुपमा लिनेगरेको समेत पाइयो । यसको अलवा सुपरिवेक्षकहरुमा विषयगत दक्ष्यताको अभाव पाइयो । यसलेगर्दा विषयगत रुपमा समस्याहरु समाधान गर्न सुपरिवेक्षकहरु असक्षम रहेको पाइयो । शुपरिक्षकहरुको निरन्तर अनुगमन तथा मूल्याङ्कन नहुँदा उनीहरुमा नयाँ जोस, जाँगर उत्प्रेरणाको अभाव पाइयो । प्रशासनिक प्रणालीले शुपरिवेक्षकहरुले प्रस्तुत गरेका विभिन्न प्रतिवेदनहरुको कार्यान्वयन नगर्ने प्रवृत्तिले समेत सुपरिवेक्षण प्रणाली प्रभावकारी हुन नसकेको पाइयो । दक्ष र विज्ञ व्यक्तिहरुलाई शैक्षिक सुपरिवेक्षकको पदमा आकर्षण गर्न नसक्नुले सुपरिवेक्षण प्रणालीमा समस्या देखियो ।

यस अध्ययनलाई अगाडि बढाउने क्रममा जर्ज इल्टन मायो (१८८०-१९४७) र मेरी पार्कर फोलेट (१८६८-१९३३) ले प्रदिपादन गरेको मानव सम्बन्ध सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरी उक्त सिद्धान्तले प्रतिपादन गरेको तथ्यहरुको आधारमा प्राप्त उपलब्धीलाई तुलना गरिएको छ । त्यसैगरी प्रो. डगलस म्याक ग्रेगर (१९०६-१९६४) ले प्रतिपादन गरेको X र Y सिद्धान्तलाई समेत सेद्धान्तिक खाकाको रुपमा प्रयोगगरी मानवीय प्रकृतिको शुक्ष्म रुपले विश्लेषण समेत गरिएको छ ।

सुपरिवेक्षण प्रकृया एक मानवीय प्रकृया हो । यस प्रकृया अन्तर्गत सुपरिवेक्षक र अधिनस्त शिक्षक वा कर्मचारीहरु वीच असल मानव सम्वन्धको खोजी गरिन्छ । असल र निकटस्थ मानव सम्बन्धको स्थापना बाट मात्र शिक्षकहरुका समस्या पहिचान गर्न देखि लिएर कार्य क्षेत्रमा लागिरहन उत्प्रेरणा समेत जगाउन सकिन्छ । यस उपशीर्षक अन्तर्गत प्राप्त तथ्यहरुलाई हेर्दा शैक्षिक सुपरिवेक्षकहरुमा तालिमको अभाव, तालिमको अभाव, उत्प्रेरणाको अभाव पाइनुले उक्त मान्यता मानव सम्बन्धसंग मिल्दो देखिदैन ।

प्रो. डगलस म्याक ग्रेगर (१९०६-१९६४) ले प्रदिपादन गरेको X र Y सिद्धान्त मध्ये नेपालको वर्तमान सुपरिवेक्षण प्रणालीमा X सिद्धान्त बढी आकर्शित भएको पाइयो । विशेष गरेर सुपरिवेक्षकहरु कार्यक्षेत्रमा कम जान नरुचाउने, सुपरिवेक्षक पदलाई आरामाको पदको रुपमा हेर्ने, प्राविधिक कार्य भन्दा बढी प्रशासनिक कार्य गर्न रुचाउने मान्यता अुनसार जिम्मेवारीबाट पन्छने प्रवृत्ति सुपरिवेक्षकमा रहेको पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

यस परिच्छेद अन्तर्गत परिच्छेद चारमा सूचना तथा तथ्याङ्कहरुको संकलन गरी सो को आधारमा प्रश्नावली तयार गरी सो अनुसारको उत्तरहरु प्राप्त गरी लिने तथ्याङ्क र उत्तरका आधारमा विश्लेषणबाट प्राप्त गरिएका तथ्यहरुका आधारमा प्राप्त गरिएको निष्कर्षलाई उल्लेख गरिएको छ । त्यसैगरी नेपालको शैक्षिक सुपरिवेक्षण प्रणालीमा देखिएका मूख्य चुनौतीहरुलाई सुधार गर्न चालिनुपर्ने कदमहरु उल्लेखगरी सम्बन्धित तहमा सुझाव समेत प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

शैक्षिक सुपरिवेक्षण एउटा प्राविधिक कार्य हो । सुपरिवेक्षण एउटै आफैमा गतिशिल मानवीय प्रकृया हो । मानवीय अन्तरनिहित प्रतिभाको विकास प्रस्फूटन गराई त्यसको विकास गराइ शिक्षण सिकाइ प्रकृयामा सुधार गर्नु शैक्षिक सुपरिवेक्षण प्रकृयाको मुख्य उद्देश्य भएकोले यसलाई शिक्षण सिकाई प्रकृयाकै अंगको रुपमा लिइन्छ ।

सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रकृया शीर्षकमा गरिएको यस अनुसन्धानबाट प्राप्त गरिएको मूख्य तथ्यहरुको आधारमा निम्नानुसार निष्कर्षमा पुग्न सकिन्छ ।

सामुदायिक विद्यालयहरुमा गरिने सुपरिवेक्षण कार्यलाई निश्चित प्रकृयाको रुपमा अगाडी बढाइएको पाइन्छ । विशेषगरेर सुपरिवेक्षकहरुले समस्या पहिचान गर्ने, योजना निर्माण, नमूना

पाठको प्रस्तुतिकरण, तथ्याङ्क संकलन तथा विश्लेषण प्रकृया र परामर्श सभा सञ्चालन जस्ता सुपरिवेक्षण प्रकृयालाई हाम्रो सुपरिवेक्षण प्रकृयाले समेत अवलम्वन गरेको निष्कर्ष निकाल्न सकिन्छ । विशेष गरेर विद्यालय निरीक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई शैक्षिक सुपरिवेक्षकको रुपमा परिभाषित गरिएपनि विद्यालय निरीक्षक र स्रोतव्यक्तिले मात्र सुपरिवेक्षण सम्बन्धि जिम्मेवारी पूरागरेको, प्रधानाध्यापक आफू शिक्षक तथा प्रशासक भएको नाताले सुपरिवेक्षण सम्बन्धि भूमिका ज्यादै कममात्र निर्वाह गरेको र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु विद्यालयमा भौतिक तथा मानवीय स्रोत व्यवस्थापनका पक्षमा मात्र जिम्मेवार रहेकोले उनीहरुको सुपरिवेक्षकीय भूमीका ज्यादै न्यून रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

सुपरिवेक्षकहरुले सुपरिवेक्षण प्रकृया अन्तर्गत सम्पादन गर्ने कतिपय कार्यहरु केवल औपचारकतामा मात्र सिमीत हुनेगरेको यस अध्ययनमा निकालिएको प्रमुख निष्कर्ष हो । विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरु विद्यालय भ्रमणको क्रममा अनुगमन पुस्तिकामा राय लेख्ने गरेको तर आफूले दिएका राय तथा सुझावहरु कति पूरा भए भएनन् भनेर पुनः हेर्ने नगरेको पाइयो ।

शिक्षकहरुको पेशागत सीप प्रशासनिक दक्ष्यता तथा अभिवृद्धि गर्ने उद्देश्यले स्रोतकेन्द्र स्तरीय तालिम, गोष्ठि तथा सेमिनारहरु सञ्चालन हुने गरेको र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सफल कार्यान्वयनको निमित्त समेत स्रोतकेन्द्र र विद्यालय निरीक्षकहरुले विद्यालय तथा शिक्षकहरुलाई सहजीकरण गर्ने गरेको निष्कर्षमा पुग्न सकिन्छ ।

सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजना निर्माण, परीक्षा सञ्चालन तथा मूल्याङ्कन र विद्यार्थीहरुको उपलब्धी वृद्धिमा समेत शैक्षिक सुपरिवेक्षकहरुलाई एकाइ योजना र दैनिक पाठयोजनामा सहजीकरण गर्नु, परीक्षा प्रणालीमा एकरुपता कायम गर्न स्रोतकेन्द्र स्तरीय परीक्षा सञ्चालन गर्न र विषयगत शिक्षण दक्ष्यता अभिवृद्धि गर्न पेशागत तालिम कार्यशाला सञ्चालन गर्नुलाई शिक्षण सिकाइ अभिवृद्धिका लागि गरिएका कार्यक्रमहरुको रुपमा लिन सकिन्छ । समग्रमा हेर्दा शिक्षकहरुको पेशागत दक्ष्यता वृद्धि गरेर विद्यार्थीहरुको शैक्षिक उपलब्धीमा वृद्धि गर्न सकिन्छ भन्ने मान्यता शैक्षिक सुपरिवेक्षणले लिएको निष्कर्ष निकाल्न सकिन्छ । शैक्षिक सुपरिवेक्षण प्रकृया अर्न्तरगत आधुनिक शैक्षणिक प्रविधिहरुको समेत प्रयोग गर्ने गरिएकोले यसले विद्यार्थीहरुको शिक्षण सिकाई कृयाकलापमा समेत सकारात्मक प्रभाव पार्न सकेको निष्कर्ष निकाल्न सकिन्छ ।

नेपालका सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षण प्रणालीको प्रभावकारिता कायम गर्न विशेष गरेर स्रोतब्यक्ति, विद्यालय निरीक्षक, प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षको महत्वपूर्ण भूमिका रहेको पाइयो । न्यून लागतबाट अधिकतम प्रतिफल प्राप्त गर्न स्रोत परिचालन, शिक्षण सुधार शैक्षिक नीति निर्माण र कार्यान्वयन र शिक्षक विद्यालय समुदाय सम्बन्धमा प्रभावकारिता कायम गर्न शैक्षिक सुपरिवेक्षकहरुको योगदान रहेको पाइयो ।

नेपालको शैक्षिक सुपरिवेक्षण प्रणालीमा आर्थिक, भौतिक, मानविय लगायत प्रसस्त चुनौतीहरु रहेको देखिन्छ । पर्याप्त आर्थिक स्रोत नहुनु, सुपरिवेक्षकहरुमा तालिम, विषयगत सुपरीवेक्षक नहुनु, निरीक्षकले दिएको प्रतिवेदन कार्यान्वय नहुनु, नियमित सुपरीवेक्षण नहुनु, योग्य अनुभवी सुपरीवेक्षक नहुनु, स्वच्छ शैक्षिक वातावरण नहुनु, पुरस्कार र दण्डको व्यवस्था नहुनु, शैक्षिक नीतिनियममा लचिलोपना हुनु, आफ्नो पेशाप्रति समर्पित नहुनु तथा आधुनिक प्रविधि सम्बन्धि ज्ञान नहुनु साथै पेशाप्रति जिम्मेवारी र जवाफ देहिता नपाइनुले वर्तमान शैक्षिक सुपरिवेक्षण प्रणालीमा चुनौतीहरु देखापरेका छन् ।

**सुझावहरु**

नेपालको वर्तमान सुपरिवेक्षण प्रणालीमा विद्यमान देखापरेका चुनौती र समस्याहरु समाधान गरी शैक्षिक सुपरिवेक्षण प्रणालीलाई जिम्मेवार प्रभावकारी बनाउन नीतिगत तह, अभ्यास तह र अनुसन्धान तह गरी निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

**नीतिगत तह,**

शैक्षिक सुपरिवेक्षण शिक्षण सिकाई प्रकृयाको एक अभिन्न अंग हो । राष्ट्रिय पाठ्यक्रम निर्माण देखि यसको कार्यान्वयन सम्म सुपरिवेक्षण प्रणालीले विभिन्न कार्यहरु गर्दै आएको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने शिक्षा मन्त्रालय देखि विद्यालय तह सम्म विभिन्न सुपरिवेक्षण संरचनाहरु निर्माण गरि आवश्यक काम कर्तव्य र अधिकारको समेत व्यवस्था गरिएको छ ।

शिक्षा आयोगका प्रतिवेदनहरु तथा शिक्षा ऐन तथा नियमावलीमा समेत सुपरिवेक्षण सम्बन्धि योजना, सुपरिवेक्षकका काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । कतिपय यस्ता

नीतिहरु सुपरिवेक्षण प्रणालीमा आएका नयाँ चिन्तन, सिद्धान्त र मान्यता अनुरुप हुन नसकेकोले वर्तमान आवश्यकता र चुनौतीहरुलाई सम्बोधन गर्न सक्नेगरी सुपरिवेक्षण सम्बन्धि योजना, कार्यक्रम तथा नीतिहरु बन्नुपर्छ भनि नीतिगत तहमा निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ ।

नेपालमा सुपरिवेक्षण सम्बन्धि कार्यक्रम निर्माण भएपनि नीति कार्यान्वयन सम्बन्धि अनुगमन कार्यक्रम ज्यादै फितलो प्रवृतिको भएकोले शिक्षक तथा विद्यालयहरुले शैक्षिक सुपरिवेक्षणबाट खासै फाइदा लिन सकेकाछैनन् । त्यसैले सुपरिवेक्षण प्रणालीको अनुगमन योजना निर्माण गरी तोकिएको जिम्मेवारी वहन नगर्ने सुपरिवेक्षकहरुलाई कारवाहीको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

विद्यालय निरीक्षक स्रोतव्यक्ति र प्रधानाध्यापकहरुले कार्यसम्पादनको मूल्याङ्कन गर्दा सुपरिवेक्षक सम्वन्धि गरेका कार्यलाई आधार मान्नेगरी वर्तमान कार्यसाम्पादा मूल्याङ्कन फाराममा आवश्यक परिमार्जन गर्नुपर्ने देखिन्छ । विद्यालय निरीक्षक, स्रोतव्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले कम्तीमा मासिक रुपले चार जना शिक्षक शिक्षिकाको कक्षा अवलोकन गर्ने गरी सुपरिवेक्षण सम्बन्धि राष्ट्रिय नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

कतिपय स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुलाई जिल्ला शिक्षकार्यालयले कार्यालयमानै राखेर प्रशासनिक कायमा लगाउने गरिएकोलाई नीतिगतरुपमै अन्तगरी विद्यालय निरीक्षक तथा स्रोतवयक्तिहरुलाई अनिवार्यरुपमा तोकिएको क्षेत्रमा वस्तुपर्नेगरी वर्तमान नीतिमा परिवर्तन गर्नुपर्ने देखिन्छ ।

वर्तमान सुपरिवेक्षक नियुक्ती गर्ने प्रकृयामा समेत परिवर्तन गर्नुपर्ने देखिन्छ । सुपरिवेक्षकहरुको योग्यता स्नातक तहको साटो स्नातोकोत्तर तह कायम गरी विषयगत मापदण्डलाई समेत आधार बनाएर खुल्ला प्रतिस्पर्धाका आधारमा स्रोतव्यक्ति नियुक्तीको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक स्रोतकेन्द्रमा स्रोतव्यक्तिलाई सहयोग गर्न एक स्रोतसहायकको समेत दरवन्दी सिर्जना गर्नुपर्ने देखिन्छ । स्रोतकेन्द्र भवनलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकसित गरी शिक्षा मन्त्रालय र शिक्षा विभाग देखि सिधै स्रोतकेन्द्रमा सूचना संप्रेसण हुने व्यवस्था गरिनुपर्ने देखिन्छ ।

विद्यालय निरीक्षण नियमित गर्ने, योग्य अनुभवी, दक्ष्य, शैक्षिक सुपरीवेक्षण सम्बन्धि तालिम प्राप्त व्यक्ति पेशाप्रति प्रतिवद्ध भएकोलाई स्रेतव्यक्तिमा नियुक्ति गर्नुपर्ने टट्कारो आवश्यकता देखिन्छ ।

**अभ्यास तह**

केन्द्रीय स्तरमा निर्माण भएका सुपरिवेक्षण सम्बन्धि नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिने तहलाई अभ्यास तह भनिन्छ । जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र, जिल्ला शिक्षा समिति, गाउँ शिक्षा समिति र विद्यालयले वर्तमान ऐन, कानून र नियममा उल्लेख भए अनुसार सम्पादन गर्नुपर्ने कार्यहरुलाई अझ प्रभावकारी र उपलब्धीमूलक बनाउन के के गर्नुपर्छ भनि निम्नानुसार सुझावहरुलाई अभ्यास तहका सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

शैक्षिक सुपरिवेक्षकहरुलाई कार्यक्षेत्रमा वसेर आफ्नो कर्य सम्पादन गर्न आवस्यक पर्ने न्यूनतम् स्रोतसाधनहरुको व्यवस्था हुनुपर्ने देखिन्छ । सुपरिवेक्षकहरुको कार्यदक्ष्यतामा अभिवृद्धि गरी उनीहरुको कार्यकुशलतामा वृद्धि ल्याउन प्रधानाध्यापक, वि.व्य.स. पदाधिकारी र गाउँ शिक्षा समितिका पदाधिकारीहरुलाई शैक्षिक सुपरीवेक्षणको सक्षमता अभिवृद्धि सम्बन्धि तालिमको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

विद्यालयका तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन गर्न, स्थानीय पाठ्यक्रम निर्माण र यसको कार्यान्वयन गर्न समेत स्रोतकेन्द्रहरुलाई जिम्मेवार बनाइनुपर्ने देखिन्छ । हाम्रो मुलुकको सुपरिवेक्षण कार्य परम्परागत ढंगबाट मात्रै हुँदै आएको र यसमा आधुनिक प्रविधिहरुको प्रयोग हुन नसकेको अवस्थामा श्रव्य दृष्य सामग्रीहरुको प्रयोगगरी सुपरिवेक्षण गर्न सबै सुपरिवेक्षकहरुलाई आधुनिक प्रविधिहरु जस्तो क्यामेरा, कम्प्यूटर, ओभर हेड प्रोजेक्टर आदिको प्रयोगगरी सुपरिवेक्षण गर्न प्रत्येक स्रोतकेन्द्र भवनमा यस्ता आधुनिक प्रविधिहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

सुपरिवेक्षकहरु आफ्नो क्षेत्रमा नजाने, गएपनि शिक्षक, विद्यार्थी तथा अभिभावक संग अन्तरक्रिया छलफल नगर्ने, विद्यालयको निरीक्षण पुस्तिकामा सुझाव लेखेरमात्र फर्कने भन्ने गुनासाहरु सुन्न पाइन्छन् । यस्तो प्रवृतिलाई अन्त्य गर्न सुपरिवेक्षकहरुले सम्पादन गरेका कार्यहरुको माथिल्लो निकायबाट निरन्तर अनुगमन र मूल्याङ्कनको अभ्यास गरिदै जानुपर्ने देखिन्छ ।

शुपरिवेक्षकहरुलाई कार्यक्षेत्रमै बसेर आफ्नो जिम्मेवारी पूरागरुन भन्ने उद्देश्यले  थप सेवा तथा सुविधाको समेत व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

विद्यालय निरीक्षकले जिल्ला शिक्ष अधिकारीको निर्देशन र नियन्त्रणमा रही कार्य सम्पादन गर्नुपर्ने व्यवस्था वर्तमान शिक्षा ऐनमा छ । तर जिल्ला शिक्षा अधिकारी ले विविध भैपरी आउने कार्य र प्रशासकीय कार्यमा बढी समय दिनुपर्ने हुनाले विद्यालयको सुपरीवेक्षण कार्यतर्फ उचित समय दिन नसकेको पाइन्छ । तसर्थ विद्यालयको सुपरीवेक्षणको लागि छुटै शाखा कार्यालय वा एकाई जिल्ला शिक्षा कार्यालयमा रहने गरी शैक्षिक सुपरीवेक्षण सम्बन्धि पूर्ण अधिकार सम्पन्न बनाएर कार्य गर्न गराउन लगाउनु पर्ने देखिन्छ ।

**अनुसन्धान तह**

नेपालको शैक्षिक सुपरिवेक्षण प्रणाली सम्बन्धि विभिन्न व्यक्ति, संघ संस्था, सरकारी निकाय तथा अन्तराष्ट्रिय दातृनिकायहरुबाट समेत औपचारि एवं अनौपचारिक ढंगबाट खोज, अध्ययन तथा अनुसन्धानहुँदै आएका छन् । यस्ता अध्ययन अनुसन्धानहरुले सुपरिवेक्षकहरुको कार्यदक्षता, जिम्मेवारी वहन गर्ने क्षमता, भूमिका जस्ता पक्षहरुमा उल्लेख्य रुपले सूचना तथा तथ्यहरु सार्वजनिक गर्दै आएकाछन् । यति हुँदाहुँदै पनि विद्यालय सुपरिवेक्षण सम्बन्धि विविध क्षेत्रहरुमा अझै पनि अध्ययन अनुसन्धान हुन बाँकि रहेको देखिन्छ । विशेषगरेर प्रधानाध्यापकको सुपरिवेक्षकीय भूमीका, विद्यालय सुपरिवेक्षकको रुपमा विद्यालय व्यवस्थापन समितिको भूमीका , शैक्षिक सुपरिवेक्षणमा आधुनिक प्रविधिको प्रयोग, शिक्षक तथा प्रधानाध्यापकले सुपरिवेक्षणगर्ने अपेक्षा जस्ता विषयहरुमा अझैपनि थप अनुसन्धान हुनुपर्ने देखिन्छ । माथि उल्लेखित विषयहरु बाहेक नेपालको शैक्षिक सुधारमा स्रोतकेन्द्रहरुको भूमिका, सुपरिवेक्षकको रुपमा जिल्ला शिक्षा कार्यालयको भूमीका जस्ता शीर्षकहरुमा समेत थप अध्ययन अनुसन्धान गर्न सकिने देखिन्छ ।

## सामुदायिक विद्यालयमा शैक्षिक सुपर्विक्षण प्रकृया

## अनुसूची १

## विद्यालय निरीक्षकको लागि प्रश्नावली

नाम :...................................... ठेगाना :.................................................

१. तपाईंले आफ्नो निर्दिष्ट गरिएका विद्यालयहरुको निरिक्षण वर्षमा कति पटक गर्नुहुन्छ ?

२. विद्यालय निरीक्षण गर्दा के कस्ता साधनहरुको प्रयोग गर्नुहुन्छ ?

३. यदि कुनै फारम प्रयोग गर्नुहुन्न भने, यसको मूख्य कारण के हो ?

४ विद्यालय निरीक्षण गर्दा के कस्ता पक्षहरुको निरीक्षण गर्नुहुन्छ ?

५. विद्यालय निरीक्षण गर्दा कक्षा अवलोकन कसरी गर्नुहुन्छ ?

६. के तपाईं पुरै समय कक्षा अवलोकनमा बिताउनुहुन्छ ?

७. कक्षा अवलोकन पछि शिक्षकसँग छलफल गरी परामर्श समेत प्रदान गर्नुहुन्छ ?

८. तपाईंको विचारमा विद्यालय निरीक्षकले शिक्षण सिकाई कार्यमा उल्लेखिय रुपमा योगदान पुऱ्याउन नसक्नुका कारणहरु के के हुन् ?

९. तपाईले सुपरिवेक्षण गर्दा के कस्तो सुपरिवेक्षण प्रकृयालाई अवलम्बन गर्नु हुन्छ ?

१०. विद्यमान निरीक्षण प्रणालीमा सुधार गर्न के कस्ता नीतिगत व्यवस्थाहरु अवलम्बन गर्नु आवश्यक ठान्नुहुन्छ ? बुँदागत रुपमा उल्लेख गर्नुहोस ।

क.......................................................................................................................

ख.......................................................................................................................

ग.......................................................................................................................

घ.......................................................................................................................

**सामुदायिक विद्यालयमा शैक्षिक सुपर्विक्षण प्रकृया**

**ा- २**

**स्रोतव्यक्तिका लागि प्रश्नावली**

नाम :........................................... ठेगाना :...............................................

स्रोतकेन्द्रको नाम :.................................................................................

१. तपाईंको स्रोतकेन्द्र अन्तर्गत कति वटा विद्यालयहरु पर्दछन् ?

२. तपाईं तोकिएका विद्यालयहरुमा बार्षिक कति पटक निरीक्षण गर्नुहुन्छ ?

३. विद्यालय निरीक्षण गर्दा के कस्ता साधनहरुको प्रयोग गर्नुहुन्छ ?

४. विद्यालय निरीक्षण गर्दा कक्षा अवलोकन कसरी गर्नुहुन्छ ?

५. कक्षा अवलोकन पछि शिक्षकसँग छलफल गरी आवश्यक सल्लाह र सुझाव दिनुहुन्छ ?

६. तपाईंको विचारमा सोतव्यक्तिले शिक्षण सिकाई कार्यमा उल्लेखिय योगदान दिन नसक्नुका कारण के के हुन् ?

७. स्रोत व्यक्ति र वि.नि. दुबैले गर्ने विद्यालय निरीक्षणमा समानता वा फरक छ ? कृपया बुँदागत रुपमा उल्लेख गरि दिनुहोला ?

८. विद्यालय निरीक्षण नगरेकोमा के कस्तो भिन्नता पाउनुभयो ?

९. सुपरिवेक्षण गर्दा के कस्तो प्रकृयालाई अवलम्बन गर्नु हुन्छ ?

१०. वर्तमान शैक्षिक सुपरिवेक्षणका प्रमुख चुनौतिहरु के के लाई मान्नु हुन्छ ?

**सामुदायिक विद्यालयम्ग शैक्षिक सुपर्विक्षण प्रकृया**

**ूी ३**

**शिक्षकको लागि प्रश्नावली**

नाम :..................................... ठेगाना :...............................................

विद्यालयको नाम :..........................................................................

१. तपाईंको विद्यालयमा एक शैक्षिक बर्षमा निरीक्षकबाट कति पटक निरीक्षण हुने गरेको छ ?

२. वि.नि. ⁄ स्रोतव्यक्तिले शिक्षकसँग कस्तो सम्बन्ध राख्ने गरेका छन् ?

३. विद्यालयमा कक्षा अवलोकन गर्न निरीक्षक आउँदा आफूमा कस्तो महसुस भएको पाउनु भएको छ ?

४. कक्षा अवलोकन पछि निरीक्षकसँग व्यक्तिगत छलफल पनि हुने गर्छ कि ?

५. विद्यालयमा प्रभावकारी रुपमा निरीक्षण हुन नसकेको भए यसको मुख्य समस्या केलाई ठान्नुहुन्छ ?

६. निरीक्षण व्यवस्थाले तपाईंको शिक्षण सीपको बिकासमा कस्तो सहयोग पुऱ्याएको पाउनु भएको छ ?

७. वर्तमान निरीक्षण प्रणालीमा कुनै नीतिगत तथा कार्यगत समस्याहरु भएमा त्यसको सुधारका लागि के कस्तो व्यवस्था अपनाउनु पर्छ ? बुँदागत रुपमा लेख्नुहोस ।

क.............................................................................................

ख..........................................................................................................

ग..........................................................................................................

घ..........................................................................................................

८. वर्तमान निरीक्षण व्यवस्थाप्रति तपाईंको अभिमत कस्तो छ ? तपाईं सन्तुष्ट हुनुहुन्छ वा असन्तुष्ट हुनुहुन्छ ? बुँदागत रुपमा उल्लेख गरिदिनुहोस ।

क..................................................................................................

ख..................................................................................................

ग..................................................................................................

घ..................................................................................................

**सामुदायिक विद्यालयम्ग शैक्षिक सुपर्विक्षण प्रकृया**

**अनुसूची ४**

**वि.व्य.स. अध्यक्षको लागि प्रश्नावली**

नाम :...................................... ठेगाना :................................................

विद्यालयको नाम :.........................................................................................

१. के तपाईं समय समयमा विद्यालयको निरीक्षण गर्नुहुन्छ ?

२. निरीक्षण गर्दा के कस्ता पक्षहरुको निरीक्षण गर्नुहुन्छ ?

३. निरीक्षण पछि प्रधानाध्यापक लगायत शिक्षकहरुलाई कुनै सल्लाह सुझाव दिनुहुन्छ ?

४. विद्यालयमा कक्षा निरीक्षण पनि गर्नुहुन्छ ?

५. विद्यालयको निरीक्षण पुस्तिकामा कुनै राय सुझाव समेत लेख्ने गर्नु भएको छ ?

६. वि.नि. ⁄ स्रोतव्यक्तिले निरीक्षण गर्दा तपाईसँग पनि परामर्श गर्ने गरेका छन् ?

७. वर्तमान निरीक्षण प्रणालीमा वि.व्य.स.लाई प्रदान गरिएको अधिकार प्रति तपाईं सन्तुष्ट हुनुहुन्छ ?

## सामुदायिक विद्यालयमा शैक्षिक सुपर्विक्षण प्रकृया

### अनुसूची ५

### विद्यार्थीको लागि प्रश्नावली

नाम :...................................... ठेगाना :...............................................

विद्यालय :.........................................कक्षा :.......................................

१. तपाईको विद्यालयमा निरीक्षण गर्न कोही आएको पाउनु भएको छ ?

२. आएको भए कहाँबाट आएको पाउनु भएको छ ?

३. विद्यालय निरीक्षक आएपछि के के गरेको पाउनु भएको छ ?

४. विद्यालय कक्षा अवलोकन गर्न आउँदा शिक्षकको मनोवृत्ति कस्तो पाउनु भएको छ ?

५. विद्यालय निरीक्षण पश्चात विद्यालयको शिक्षण सिकाईमा के कस्तो लाभ पुगेको छ ?

६. वि.नि. ⁄स्रोतव्यक्तिहरु नियमित विद्यालय निरीक्षणमा नआउनुको कारण के के होला ?

७. शैक्षिक सुपरिवेक्षणले तपाइको शिक्षण सिकाइमा सुधार भएको अनुभव गर्नु भएको छ ?

## सामुदायिक विद्यालयमा शैक्षिक सुपर्विक्षण प्रकृया

ो ६

## प्रधानाध्यापकको लागि अर्न्तवार्ता तालिका

नाम :.....................................  ठेगाना :...............................................

विद्यालय :...........................................................................................

१. तपाईंको विद्यालयमा वर्षको कति पटक निरीक्षण हुने गरेको छ ?

२. तपाईको विद्यालयमा चालू शैक्षिक सत्रमा कुन कुन निकायबाट निरीक्षण भएको छ ?

३. निरीक्षकहरु विद्यालय निरीक्षणमा आउनुको मुख्य उद्देश्य के पाउनु भएको छ ?

४. कक्षा निरीक्षणमा निरीक्षकहरुले तपाईलाई पनि संलग्न गराउने गरेका छन् ?

५. निरीक्षकहरुले विशेष कस्ता पक्षहरुमा निरीक्षण गर्ने गरेका छन् ?

६. तपाई निरीक्षकहरुको कार्य प्रति सन्तुष्ट हुनुहुन्छ ?

७. वि.नि. र स्रोतव्यक्तिले गर्ने निरीक्षणमा के कस्ता समानता र भिन्नताहरु पाउनु भएको छ ?

८. नेपालको वर्तमान शैक्षिक निरीक्षण तथा सुपरिवेक्षण प्रणालीमा सुधार गर्न के कस्ता सुझावहरु दिनुहुन्छ ?

९. तपाइले शैक्षिक सुपरिवेक्षणको भूमिका निर्वाह गर्दा के कस्ता प्रकृयालाई अवलम्बन गर्नु हुन्छ ?

१०. तपाईको विचारमा वर्तमान शैक्षिक सुपरिवेक्षण प्रणालीका प्रमुख चुनौतिहरु के के हुन् ?

## सामुदायिक विद्यालयमा शैक्षिक सुपर्विक्षण प्रकृया

### ची ७

### रुजुसूची

विद्यालयको नाम :...........................................................................................

क्रिपया उपयुक्त स्थानमा (≠) चिह्न लगाउनु होला ।

| क.स. | क्रियाकलाप | भएको | नभएको | भएको भए पटक |
|---|---|---|---|---|
| १. | निरीक्षण पुस्तिका | | | |
| २. | निरीक्षण सम्बन्धि योजना | | | |
| ३. | निरीक्षणको अवधि | | | |
| ४. | शिक्षक तथा विद्यालयलाई प्रदान गरिएका सुझाव | | | |
| ५. | शिक्षण सुधार सम्बन्धि स्टाफ बैठकका निर्णयहरु | | | |
| ६. | विद्यालयको भावी सुपरिवेक्षण योजना | | | |

## सन्दर्भग्रन्थ


अधिकारी, बिष्णु प्रसाद (२०६०), *विद्यालय [ - स्रोत सामग्री,* काठमाण्डौः आशिष पुस्तक भण्डार, बागबजार ।

अर्याल, प्रकाशबन्धु (२०६१), *स्याङ्जा जिल्लाका विद्यालयहरुमा शिक्षण-सिकाइको सुधारमा प्रभाव पार्ने तत्वहरुमध्ये विद्यालय निरीक्षकहरुको भूमिका एक अध्ययन,* काठमाण्डौः ( अप्रकाशित सोधपत्र) शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

कोइराला, विद्यानाथ र अन्य (२०६०), *शैक्षिक योजना र सांगठनिक व्यवहार,* काठमाण्डौः रत्न पुस्तक भण्डार, भोटाहिटी ।

काफ्ले, बासुदेव र अन्य (२०५९), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

ढकाल, माधवप्रसाद (२०५४), *शैक्षिक सुपरिवेक्षण,* काठमाण्डौः रत्न पुस्तक भण्डार, भोटाहिटी ।

ढकाल, विष्णुहरि (२०६२), *रसुवा जिल्लाका माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाउन विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरुको योगदान एक अध्ययन,* काठमाण्डौः (अप्रकाशित सोधपत्र), शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पाण्डे, तारा (२०६६), *नेपालको शैक्षिक सुपरिवेक्षणमा देखिएका चुनौतिहरु,* काठमाण्डौः ( अप्रकाशित सोधपत्र) विश्वविद्यालय क्याम्पस, र्कितिपुर ।

बराल, दुर्गा (२०६८), *वालविकास सहयोगी कार्यकर्ताको सुपरिवेक्षण,* इलामः (अप्रकाशित सोधपत्र), म.र.ब. क्याम्पस ।

शर्मा, महेश्वर (२०६८), *काठमाण्ठौ जिल्लाका विद्यालयहरुमा शिक्षण सिकाइ सुधारका लागि निरीक्षकहरुको भूमिका,* काठमाण्डौः *(अप्रकाशित सोधपत्र)* महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

*शिक्षा ऐन (२०२८) र शिक्षा नियमावली (२०५९*), पिनाकल पब्लिकेशन प्रा.लि., काठमाण्डौः बागबजार ।

सुबेदी, अनिरुद्र (२०६७), *रामेछाप जिल्लाका विद्यालयहरुमा शिक्षण सिकाइ सुधारका लागि निरीक्षकहरुको भूमीका एक अध्ययन,* काठमाण्डौः *(अप्रकाशित सोधपत्र)* महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

सुबेदी, जीवनकुमार (२०६८) *विद्यालय सुपरिवेक्षणमा स्रोतव्यत्तिको भूमिका,* इलामः (अप्रकाशित सोधपत्र), म.र.ब. क्याम्पस ।